# टीठलाग्दो छ छापामा गरिबीको लेखन

*भास्कर गौतम*

## परिचय

विश्वका अविकसित र गरिब राष्ट्रहरूको झुण्डमा निकै माथि पर्छ नेपाल । सरकारी तथ्याङ्कअनुसार ३८ प्रतिशत (८८ लाखभन्दा बढी) र विभिन्न गैरसरकारी तथ्याङ्कअनुसार ६०-६५ प्रतिशत (१ करोड ५० लाखभन्दा बढी) मानिसहरू नेपालमा निरपेक्ष गरिबीको रेखामुनि छन् । शिक्षा, स्वास्थ्यलगायत आवश्यक भौतिक र सामाजिक अधिकारबाट ठूलो जनसमुदाय वञ्चित छ । दलित, जनजाति, मधेसी र महिला तथा बालबालिकाका अधिकारका कुराहरू नाराहरूमा मात्र सीमित छन् । मुक्त कमैया र सुकुमबासीका समस्या यथावत छन् । विकासका प्रयासहरू उदाहरणीय र सफल अभ्यास बनेर विरलै चर्चामा आउँछन् । त्यसमाथि माओवादी विद्रोह र राजनीतिक अनिश्चितताले देशलाई अधोगतितर्फ डोऱ्याइरहेको छ। फलतः प्रत्येक दिन गरिबीका पाटाहरू फराकिलो हुँदैछन् । यही कारण दिनहुँ विस्तार भइरहेको गरिबीको क्षेत्रलाई निश्चित सीमाभित्र बाँध्न त्यति सहज छैन ।

गरिबीलाई व्याख्या गर्ने विभिन्न अवधारणा र अनगिन्ती दृष्टिकोण छन् । मजीद रह्नेमा लेख्छन्–

> जति मानवहरू छन् त्यति नै सङ्ख्यामा गरिब र गरिबीबारे दृष्टिकोण पाउन सकिन्छ । विभिन्न संस्कृति र भाषामा मानिसलाई गरिब हो भन्ने क्रम र घटनाहरू अति नै रोमाञ्चक र बृहत् छन् । त्यसैले सबैको सबै, सूर्यको मुनि रहेको सम्पूर्ण वस्तु वा सबै मानिसलाई कुनै एक वा अर्को पाटोबाट गरिब भन्न सकिन्छ । ...धेरै दृष्टिकोणमा गरिबीको साझा संज्ञा भनेकै 'अभाव' र 'अपूर्णता'को अभिप्राय हो । ...हुन त गरिबी बेजोडसँग अर्थतन्त्रसँग गाँसिएको छ, तर पैसा र अधिकारको पक्षबाट धनीहरूसँग भएको कुरा नहुने व्यक्तिहरू मात्र गरिब होइनन् । धेरै लोभ, धेरै हिंसा, धेरै अनियमितता, धेरै ध्वंस जन्माउन योगदान पुऱ्याउने सबै प्रकारको पराधीनता र कुण्ठाका शक्तिहरू गरिब हुन् १९९९: १५८-१७६) ।

यो परिभाषाले अल्मल्याउन पनि सक्छ । तर देशमा विद्यमान प्रचुर र दारुण गरिबीका विभिन्न पक्षहरूबारे यहाँ व्याख्या गर्न खोजिएको होइन ।

आर्थिक-सामाजिक-राजनीतिक परिप्रेक्ष्यमा गरिबीका सवाल नेपाली छापामा कसरी देखा पर्छन् भनेर अध्ययन गर्न खोजिएको हो । छापामा केन्द्रित यो अनुसन्धानले गरिबीलाई केन्द्रविन्दु बनाएर के कस्ता पक्षहरूबारे बहस हुने गर्छन् ? गरिबीको विषयमा कति मिहिन रिपोर्टिङ साथै सूक्ष्म विश्लेषण पत्र-पत्रिकामा हुन्छ ? यी र यस्तै सवालहरूको जवाफ खोज्ने क्रममा (क) आर्थिक विपन्नता अर्थात् आर्थिक पक्ष (ख) भौगोलिक या राजनीतिक दृष्टिकोणले दुर्गम वा विकट क्षेत्र (ग) सामान्य अधिकारबाट वञ्चित पिछडिएका सामाजिक वर्ग (घ) गरिबी निवारणसम्बन्धी सरकारका नीति नियम र आयोजना (ङ) गरिबी न्यूनीकरणमा आधारभूत शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रगत कार्यक्रमजस्ता गरिबीका केही प्राथमिक पक्षहरूलाई आधार बनाएर यो अध्ययन गरिएको छ। तर यी विषय- वस्तुसँग सरोकार राख्ने सबै समाचार/विचारहरूलाई यस लेखमा समेटिएको छैन । उदाहरणको लागि महिला अधिकार, समाजमा महिलाको छवि, बिहाबारी, विज्ञापनमा महिला मोडल आदि थुप्रै समाचार/लेख हुनसक्छन् जहाँ विषयवस्तु महिला-केन्द्रित हुन्छ । अलि फराकिलो भएर सोच्दा महिलाका अधिकांश सवालको गरिबीसँग सरोकार देखिन्छ । तर यस्ता विषयवस्तुको दायरा व्यापक र फराकिलो भएकोले गरिबी नै सबै समाचार/लेखको मूल विषयवस्तु हुँदैन । स्पष्टसँग गरिबीको चर्चा नगरिएका सामग्री समावेश गर्दा अध्ययन जटिल बन्ने सम्भावना हुनाले महिलालगायत अन्य पक्षहरूको सवालमा पनि प्रत्यक्ष गरिबीसँग सम्बन्धित विषयवस्तुलाई मात्र अध्ययनमा समावेश गरिएको छ ।

मिडियामा गरिबीको प्रस्तुतिसम्बन्धी गरिएको यो अध्ययन सङ्ख्यात्मक विश्लेषण होइन । छापामा गरिबीबारे कुनै निश्चित समयावधिमा कति सङ्ख्यामा समाचार वा लेख प्रकाशित भयो ? कुन, कुन पृष्ठमा कति छापिए ? भन्ने विश्लेषण यो अध्ययनमा गरिएको छैन । गरिबीबारे के कस्ता सामग्रीहरू प्रकाशित हुन्छन् ? ती सामग्रीहरूको गुणात्मक पक्ष कस्तो छ ? सामग्रीको दायरा कति फराकिलो छ ? आदि सवाललाई अध्ययनले प्राथमिकता दिएको छ । यिनै प्रश्नहरुलाई केन्द्रमा राखेर यो लेखमा गरिबीबारे छापामा आएका सामग्रीको विश्लेषण गरिएको छ ।

भदौ २०५८ देखि साउन २०५९ सम्मको एक वर्ष छापामा प्रकाशित सामग्रीहरू अध्ययनको मुख्य आधार हो । सबै छापालाई अध्ययनमा समेटिएको छैन । काठमाडौंबाट प्रकाशन हुने दुई दैनिक–*कान्तिपुर* र *गोरखापत्र,* दुई साप्ताहिक–*देशान्तर* र *जनएकता,* दुई पाक्षिक–*हिमाल* र *नेपाल* अध्ययनमा समेटिएका छन् । त्यसबाहेक सोही अवधिका *मूल्याङ्कन* (मासिक) र *विकास* (त्रैमासिक) पनि अध्ययनमा परेका छन् । दैनिकका हकमा एक-एक महिना आलोपालो गर्दै ६-६ महिनाको *गोरखापत्र* र *कान्तिपुर* हेरिएको थियो । अध्ययन अवधिको पछिल्लो ९ महिना मुलुकभर सङ्कटकालीन स्थिति लागू गरिएको थियो । सङ्कटकालमा पत्रकारिता क्षेत्र पनि खुम्चिएको थियो । 'यो छाप्नु र त्यो नछाप्नु' भन्ने

उर्दी थियो, सञ्चारकर्मीहरू बन्दी बनाइएका थिए र केही मारिए पनि ।[१] सर्वसाधारणका अतिरिक्त पत्रकारहरूको घुमफिरमा भएको बाधाव्यवधानले रिपोर्टिङलाई प्रभावित गरेको पनि हुनसक्छ । तर सङ्कटकालका समयमा र त्यसअघि या पछि प्रकाशित सामाजिक विषयका समाचारहरू हेर्‍यो भने विषयको गहिराइ, प्रस्तुति र विविधतामा ठूलो भिन्नता पाइन्न । यद्यपि सङ्कटकालको पत्रकारिताका विविध पक्षको अध्ययन हुन जरुरी छ । केही अध्ययन भएका पनि छन् ।[२] त्यसैले आवश्यक सन्दर्भमा बाहेक सङ्कटकालको चर्चा यो लेखमा गरिने छैन ।

यो लेखलाई पाँच खण्डमा विभाजन गरिएको छ । शुरुमा मिडिया र विभिन्न उपेक्षित वर्गहरूबारे गरिएका अध्ययन, अनुसन्धानहरूलाई गरिबीसँग जोडेर हेरिएको छ । दोस्रो खण्डमा विभिन्न पत्रपत्रिकामा प्रकाशित गरिबीको विषयवस्तु प्रस्तुति र छापामा यसले पाएको स्थानबारे संक्षिप्तमा चर्चा गर्दै समाचारको छोटो विश्लेषण गरिएको छ । तेस्रो खण्डमा विषयवस्तुको प्रस्तुति र किसिमबारे अलि सूक्ष्म विश्लेषण छ । यस खण्डमा समाचारमा देखिने अर्थतन्त्रको बाहुल्य र सूचकाङ्कको खेल, दुर्गम क्षेत्रका समाचारले पाएको प्राथमिकता, एवं सामाजिक आन्दोलनका विषयहरूमा हुने गरेको रिपोर्टिङ र प्रस्तुतिबारे व्याख्या गरिएको छ । चौथो खण्डमा गरिबीको बहसले पाएको गतिमाथि छोटो टिप्पणी छ । अन्तमा मिडियाको प्रवृत्तिप्रति टिप्पणी गर्दै अध्ययनको सार र केही सुझाव समावेश छ ।

छापामा आएका गरिबीको विषयमा मात्र केन्द्रित भएर गरिने यस्ता अध्ययनले गरिबीका विविध पक्षलाई बुझ्न सघाउने विश्वास गरिएको छ । विषयगत हिसाबले मिडियाको कमी-कमजोरी र शक्तिको पहिचान गर्न पनि यसले मद्दत पुर्‍याउँछ । फलस्वरूप समाजमा चौतर्फी अन्तरसम्बन्ध भएको मिडियाले आफ्नो तागत र दुर्बलताको उचित संयोजन गर्दै विषयगत हिसाब-बाट रिपोर्टिङमा दक्ष र प्रखर हुनसके त्यसले समस्त समाजलाई नै सकारात्मक प्रभाव पार्छ । साथै गरिबी घटाउन क्रियाशील सरकारी, गैरसरकारी तथा निजी क्षेत्र र विभिन्न समुदायलाई सावधानी गर्दै गति दिने अवस्थामा पनि मिडिया हुनेछ भन्ने विश्वास यो अध्ययनको हो ।

## हालसम्म भएका अध्ययन

गरिबीलाई मुख्य केन्द्रविन्दु बनाएर हालसम्म मिडियामा प्रकाशित विषयवस्तुको विश्लेषण गरिएको छैन । तर महिला, बालबालिका, दलित, जनजातिजस्ता

---

[१] नेपाल पत्रकार महासङ्घले नेपाली छापाको अवस्था र प्रभावित पत्रकारको लगतलाई समेटेर सङ्कटकालको पत्रकारिता बारे पुस्तक प्रकाशन गरेको छ (काफ्ले सन् २००३) ।

[२] खोज पत्रकारिता केन्द्रको सहयोगमा सङ्गीता लामा (२०५९) र विनोद भट्टराई (सन् २००३)ले सङ्कटकाल अवधिका मिडियासामग्रीको अनुगमन गरेका छन् ।

सामाजिक-राजनीतिक विषयमा मिडियाका केही अध्ययन भएका छन् जुन सवालहरूसँग गरिबीको प्रत्यक्ष सम्बन्ध छ ।[३]

अहिलेसम्मको अध्ययनलाई दुई बेग्लाबेग्लै प्रयासको रूपमा हेर्न सकिन्छ । पहिलो, विभिन्न सामाजिक आन्दोलनलाई ध्यानमा राखेर ती विषयमा कस्तो प्रकारको लेख/विचार र बहस भइरहेको छ भन्ने चित्रण हो । थरीथरीका पत्रपत्रिकामा प्रकाशित छरपस्ट भएर रहेका लेखहरूलाई *छापामा महिला, छापामा दलित,* र *छापामा जनजाति* जस्ता सन्दर्भ-सामग्रीको रूपमा उत्पादन गर्नु यस कोटीका प्रयास हुन् (वन्त र अरू २०५६, २०५८क, २०५८ख) । यी तीनवटै पुस्तकमा गरिबीलाई केन्द्रविन्दु बनाएर बहस गरेका लेख/विचार कमै पढ्न पाइन्छ । तर स्वास्थ्य र शिक्षाको स्थिति, अर्थतन्त्र र जीवनशैली, विभिन्न सङ्गठन र सामूहिक प्रयासलगायतका विषयमा लेखिएका त्यस्ता धेरै सामग्री छन् जसले नेपाली समाजमा गरिबी कति चरम अवस्थामा छ भन्ने वस्तुस्थितिलाई चित्रण गर्न सहयोग पुऱ्याउँछन् ।

दोस्रो, अनुसन्धानमूलक प्रकाशनहरू हुन् । 'प्रिण्ट मिडिया कभरेज सर्भे: चाइल्ड एण्ड उमन इस्युज' मिडिया सर्भिसेज इन्टरनेसनल (एमएसआई)ले गरेको अनुसन्धानको प्रतिवेदन हो जसमा सन् १९९८ को चार महिनालाई आधार बनाएर ३३ वटा पत्रपत्रिकाको अध्ययन गरिएको छ । रिपोर्टमा भनिएको छ, "महिला र बालबालिकाको विषयवस्तु मिडियामा राम्रोसँग प्रस्तुत भएको छ । सामग्रीमा देखिएको निरन्तरता र मिडियाले गर्ने प्रस्तुति एक वा अर्को प्रकारले सन्तोषजनक छ" (एमएसआई सन् १९९८: ८) । यो निष्कर्ष आफैँमा हचुवा र कमजोर छ । त्यस्तै 'पोर्ट्रेयल अफ चिल्ड्रन इन न्युजपेपर्स एण्ड टेलिभिजन इन नेपाल' एमएसआईकै अर्को अध्ययन प्रतिवेदन हो । यसमा भनिएको छ, "समाचारमा बालबालिकालाई कसरी प्रस्तुत गरिनेबारे ज्यादै कम महत्व दिने गरिएको छ । विषयवस्तुको गुण र प्रस्तुतिको शैली बालबालिकाको हितका लागि सकारात्मक नभएको पनि हुनसक्छ" (कोइराला र अरूहरू सन् २०००: २६) । पछिल्लो प्रतिवेदको निष्कर्ष अघिल्लोकोसँग मेल खाँदैन । एउटै संस्थाबाट गरिएका दुइटा अध्ययनको निष्कर्ष एकआपसमा बाझिनै नहुने त होइन, तर पहिला गरेको निष्कर्षको ठीक उल्टो तथ्य पछिको अध्ययनले देखाएपछि पहिलाको अध्ययनहरूबारे कतै उल्लेख हुनुपर्ने हो । साथै फरक निष्कर्ष किन निस्कियो भनेर चर्चा हुनुपर्ने हो । एक त पहिलेका अध्ययनको कुनै जानकारी पछिल्लो रिपोर्टमा छैन, अर्को यी रिपोर्टहरू प्रकाशित पनि छैनन् ।

*सञ्चारमा नियाल्दा महिला* मिडियामा प्रस्तुत भएका महिला विषयवस्तुको विश्लेषण हो । विभिन्न समयमा *अस्मिता*मा प्रकाशित मञ्जु थापाको लेखहरूको

---

[३] समाजमा अर्को उपेक्षित वर्ग अपाङ्गहरूबारेका मिडियासामग्रीबारे खासै अध्ययन भएका छैनन् । यद्यपि स-साना केही लेख छापामा आएका छन् । अपाङ्गबारे यो लेखमा पनि चर्चा गरिएको छैन ।

सङ्ग्रह हो यो पुस्तक (थापा २०५७)। मिडियामा कहिले विज्ञापनमार्फत त कहिले तस्वीरबाट, कतै कार्टुन त कतै 'ब्लोअप'हरूमा महिलाको छवि दुरुपयोग गरिएको छ साथै प्रस्तुतिमा ठूलो लैङ्गिक विभेद छ भन्ने तर्क पुस्तकमा गरिएको छ। गरिबीको मूल सवाललाई महिला आन्दोलनसँग जोडेर छापामा आएका सामग्रीको विश्लेषण यो पुस्तकमा छैन। तथापि पुस्तकले एकातर्फ महिलाको सवाललाई गाँसेर गरिबीको विश्लेषण गर्न र अर्कोतर्फ महिलाकै विषयमा मिडियामा आधारित विभिन्न काम गर्न महत्वपूर्ण पृष्ठभूमि तयार गरेको छ। महिलाको विषयमा छापामा प्रकाशित समाचार/लेखमाथिको गहकिलो टिप्पणीको प्रारम्भ पनि *अस्मिता*मा यी लेखहरू प्रकाशित हुन थालेपछि भएको हो।

*नेपाली मिडियामा दलित तथा जनजाति* अर्को अनुसन्धानमूलक पुस्तक हो (वन्त र पराजुली २०५८)। देशका ११४ वटा प्रकाशन गृहमा गरिएको सर्वेक्षणको आधारमा प्रकाशन संस्थाहरूको सम्पादक समूह, स्तम्भकार समूह र प्रकाशकीय समूहमा दलित र जनजातिको उपस्थिति न्यून रहेको पुस्तकले देखाएको छ। दलित र जनजाति आन्दोलनले लिएको गतिअनुसार यी अधिकार- बाट वञ्चित समूहको विषयवस्तुले छापा र रेडियोमा प्राथमिकता पाएका छैनन् भन्ने निष्कर्ष पुस्तकको छ। अझ जनजातिको विषयवस्तुलाई दलितको तुलनामा गौण सवाल सम्झने र कतिपय अवस्थामा विषयको गाम्भीर्यभन्दा मनोरञ्जन प्रदान गर्ने ढङ्गले मिडियामा आउने तथ्य पनि उजागर गरिएको छ। त्यस्तै निश्चित समयावधिका पत्रपत्रिका अध्ययन गरेर तयार पारिएको 'छापामा अल्पसङ्ख्यक समुदायको मुद्दा' शीर्षकको रिपोर्टमा जनजातिको समाचार पत्रपत्रिकामा आउने सम्पूर्ण समाचारको तुलनामा केवल ०.८५ प्रतिशतमात्र भएको उल्लेख छ (यात्रु सन् २०००)। त्यसैले जनजातिको विषयवस्तुलाई वा नेपाली समाजको बहुलवादी अस्तित्वलाई मिडियाले सहजरूपमा लिएको छैन भन्छन् कुमार यात्रु।

यी सबै अध्ययनले अधिकारबाट अलग्याइएकाहरूको सवाल मिडियामा कसरी आउँछन् भन्ने विश्लेषण गरेका छन्। तर यी अनुसन्धानमा गरिबी वा कुनै एउटा प्रमुख क्षेत्रलाई मुख्य विषय बनाएर अध्ययन गरिएको छैन। महिला, बालबालिका, दलित, जनजाति अलि फराकिलो भएर आफैँ मुख्य विषय बनेका छन्। पिछडिएकाहरूको चर्चा गर्दा मधेसीहरू जहिले पनि ओझेलमा पर्ने गर्छन्। मिडियामा धेरै जातजातिको वा समूहको अध्ययन हुने क्रममा यिनीहरूबारे 'नेपाली पत्रकारितामा मधेसी पत्रकार' शीर्षकमा चन्द्रकिशोरको एकमात्र लेख प्रकाशित हुनुले यो विषयवस्तुले पाउने प्राथमिकतालाई छर्लङ्गचाउछ (चन्द्रकिशोर २०५८)। सम्बन्धित समुदायको पत्रकारले नै आफ्नो वर्ग वा समुदायको भावना र यथास्थितिलाई सही रूपमा प्रतिविम्बित गर्ने भएकोले मधेसीहरूले नेपाली पत्रकारितामा आफ्नो भूमिका खोज्न ढिलो भइसकेको छ भन्छन् चन्द्रकिशोर।

श्रीलङ्कामा भएको एउटा सम्मेलनलाई आधार बनाएर गरिबहरूको विषयवस्तु, चासो र रुचिलाई मिडियाले किनारा लगाइदिएको छ भनेर मधुकर राणाले लेखेका छन् (राणा सन् २००२) । मिडियाले आफ्नो प्राथमिकतामा गरिबीलाई समावेश गर्नु, सम्वाददाताहरूलाई तल्लो तहको रिपोर्टिङ गर्न प्रेरित गर्नु तथा सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग सक्रिय समन्वय गर्दै गरिबमुखी भएर काम गर्ने केही उपायहरू राणाले दिएका छन् ।[४]

गरिबीबारे मिडियामा अध्ययनको खडेरी भएको माथिको छलफलले देखाउँछ। यस्तो अवस्थमा धेरै पक्षहरूसँग सीधा सरोकार रहने गरिबीको विषयवस्तु विश्लेषण अलि हुङ्कारपूर्ण कार्य हो। तर यो लेख प्रारम्भिक अध्ययन मात्र हो र यसले आगामी दिनमा यसबारे मिहिन अध्ययन/विश्लेषण गर्ने आधारभूमि तयार गर्नेछ।

## गरिबी: के आउँछ छापामा ?

छापामा गरिबीको विषयवस्तु विश्लेषण गर्नुपूर्व पत्रिकाहरूको प्रवृत्तिअनुसार के-कस्ता समाचार र विचारले प्राथमिकता पाएका छन्; पत्रपत्रिकामा यी समाचार/लेखको स्थान कस्तो हुने गरेको छ; र यो विषयलाई कसरी लिने गरिएको छ भनेर बुझ्न जरुरी हुन्छ। त्यसैले अध्ययनमा परेका पत्रिकाहरूमा प्रकाशित गरिबीबारेका सामग्रीको संक्षिप्त अवलोकन र विषयको गाम्भीर्यबारे यो खण्डमा व्याख्या गरिएको छ।

### *विषयवस्तुको प्रस्तुति*

अध्ययनमा परेका सबै पत्रिकामा गरेर गरिबीबारे करिब ६०० सामग्री प्रकाशित छन् । यो आँकडालाई नराम्रो भन्न मिल्दैन । त्यसैले सङ्ख्यात्मक हिसाबले गरिबीको विषयवस्तुले जनाएको उपस्थितिलाई राम्रै मान्नु पर्छ।

दैनिकतर्फ *कान्तिपुर* र *गोरखापत्र*मा प्रकाशित अधिकांश समाचार औपचारिक छन्। अर्थात् विचार गोष्ठी, कार्यशाला, अन्तरक्रिया जस्ता कार्यक्रम; सेमिनार वा घोषणा; कमैया मुक्ति दिवस, अन्तर्राष्ट्रिय अपाङ्ग दिवसलगायतका औपचारिक विषयका सामग्री मनग्गे छन्। यी औपचारिक समाचारबाहेक पिछडिएका वर्ग (मुक्त कमैया, महिला, दलित र बालबालिका)का समाचारले फिचर वा अन्य रूपमा दुवै पत्रिकामा स्थान पाएका छन्। तर दुवैमा जनजातिको विषयले न्यून प्राथमिकता पाएको छ।

*कान्तिपुर*मा अर्थतन्त्रको समाचार/लेखले प्रमुख स्थान पाएको छ । अनि निरपेक्ष वर्गमा मुक्त कमैयाको समाचारले तुलनात्मक रूपमा बढी स्थान पाएको

---

[४] साउथ एसियन पर्सपेक्टिभ्स नेटवर्क एशोसिएशन र एसियन मिडिया इन्फर्मेसन एण्ड कम्युनिकेसन सेण्टरले आयोजना गरेको यो सम्मेलनका केही महत्वपूर्ण सहमतिलाई यो लेखको निष्कर्षमा उल्लेख गरिएको छ।

छ। विशेषगरेर मुक्त कमैयाको पुनर्स्थापना, जग्गा वितरणमा भएको घोटाला र शिविरको जनजीवनमा केन्द्रित छन् समाचार । प्रकाशित अन्य सामग्रीमा दुर्गम क्षेत्रको समाचारले पाएको स्थान पनि उल्लेख्य छ ।

*गोरखापत्र*मा भने विकट क्षेत्रका समाचारको सङ्ख्या थोरै छ । प्रकाशित सामग्रीमध्ये अर्थतन्त्र र पिछडिएका वर्गले बाहुल्य पाएको छ । जनजाति र महिलाको तुलनामा बालबालिका र दलितसाथै केही मात्रामा मुक्त कमैयाका विषयवस्तुले राम्रो स्थान पाएका छन् । विचार लेखहरूमा अर्थतन्त्रले व्यापकता पाएको छ। अर्थतन्त्र र योजना आयोगबाहेक अन्य सामाजिक विषयहरूले निरन्तर उपस्थिति जनाउन नसकेको अवस्थामा त्रिभुवनचन्द्र वाग्लेका जनजाति- सम्बन्धी तीनवटा लेख पनि राम्रो आँकडा भएको छ (त्रिभुवनचन्द्र वाग्ले २०५८क, २०५८ख, २०५८ग) ।

साप्ताहिकतर्फ *जनएकता*मा गरिबीसँग प्रत्यक्ष सरोकार राख्ने सामग्रीले पाएको स्थान निराशाजनक छ । 'काठमाडौंका ढुङ्गा व्यवसायीहरू विस्थापित हुँदैछन्' (जनएकता २०५८) र 'बादरभुलाको पीडा र आक्रोश' (पौडेल २०५८) जस्ता केही सामग्री अपवाद हुन् जहाँ गरिबको सवाल समाचार बनेको छ। नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र)सँग आबद्ध ट्रेड युनियनसँग सम्बन्धित सामग्रीले भने राम्रै स्थान पाएका छन् ।[५] 'मजदुर सरोकार' स्तम्भमा पार्टीको मजदुर सङ्गठनसँग सम्बद्धहरूको परिचय र अन्य राजनीतिक पृष्ठभूमि समावेश छ । साथै 'नारी' स्तम्भमा पनि गरिबीसम्बन्धी केही सामग्री नभएका होइनन् । तर *जनएकता*मा प्रकाशित प्रायः सामग्रीहरू नितान्त पार्टी वरिपरि हुने गति-विधिहरूमा आधारित छन् । प्रकाशित सामग्रीहरूमा आधाभन्दा बढी त यथार्थ- परक र निश्चित विषयवस्तुको विश्लेषण वा व्याख्याभन्दा बढी क्रान्तिकारी सत्ताको कल्पना, नारा र उपदेशमा केन्द्रित छन् ।

अर्कोतर्फ *देशान्तर*को स्थिति पृथक छ । *जनएकता*को तुलनामा यसमा गरिबीका अलि व्यापक पक्ष र विविध परिवेशलाई समेटिएको छ। यसमा नारी चेतना लेखमाला, सञ्चारिका लेखमाला, क्षेत्रीय सञ्चार स्रोत केन्द्र, विराटनगर र नेपालगञ्ज आदिका फिचरहरू राम्रै सङ्ख्यामा छापिएका छन् ।[६] प्रकाशित विषयवस्तुमध्ये पिछडिएका वर्ग, अर्थतन्त्र र क्षेत्रगत विकासका कार्यक्रमले उल्लेख्य स्थान ओगटेको छ। दुर्गम क्षेत्रका विषयवस्तुले पनि केही स्थान पाएका छन् । *देशान्तर*मा गरिबीसम्बन्धी समाचारको तुलनामा लेख र फिचर धेरै पाइन्छन् ।

---

[५] *जनएकता* नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र) नजिकको पत्रिका हो। २०५९ साउन २७ गते नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (मसाल)को एकीकरण भएपश्चात् यसको नाम नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र-मसाल) भएको छ ।

[६] विभिन्न संस्थाले निकाल्ने लेखमाला, फिचरहरूबारे अधिकारी (२०६०) मा विस्तृत चर्चा गरिएको छ।

*हिमाल*मा गरिबीबारे केही गहकिला लेखहरू छापिएका छन् । सुदूरपश्चिममा सुकुमबासीहरूले बसोबासको लागि गरिरहेको जङ्गल अतिक्रमणदेखि ग्रामीण क्षेत्रका बासिन्दाहरूको भारत पलायन र माओवादीको साम्प्रदायिक मिलोमतोदेखि पहाडको जनजीवन आदि विषयहरूमा राम्रै रिपोर्टिङ भएका छन् । साथै महिला, दलित, अर्थतन्त्रलगायतका विषयमा पनि ससाना समाचार प्रकाशित छन् । अध्ययनको समयावधिभित्र गरिबीको सवालमा बाजुराको अनिकालबारे आवरण कथा छ (मैनाली २०५९) । अनि गरिबीकै विषयमा आवरण कथा नभएपनि 'मृत्युभन्दा कठोर सजाय' शीर्षकको आवरण कथाले जोगिमाराका १५ परिवारको आसन्न गरिबीको व्याख्या गरेको छ । सङ्कटकाल र माओवादी-लाई ढाल बनाएर सरकारले गरेको शोषण र क्रूरता सार्वजनिक गर्ने प्रयास सो लेखमा भएको छ (मैनाली साथ खड्का २०५९) । त्यसबाहेक सुन्दरताको विषयमा 'सौन्दर्य के हो ?' र तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०५८ भदौको दोस्रो साता भूमिको हदबन्दीसम्बन्धी गरेको आठबुँदे घोषणामा आधारित 'भूमिसुधार अपत्यारिलो आँट' शीर्षकमा दुई आवरण लेख प्रकाशित छन् । पहिलो लेख महिलाको सेरोफेरोमा भएपनि विषयवस्तु प्रस्तुतिको दृष्टिकोणबाट गरिबीसँग प्रत्यक्ष सरोकार राख्दैन । दोश्रो आवरण लेख धेरै पक्षबाट गरिबीसँग सम्बन्धित त छ तर ऐतिहासिक पृष्ठभूमि, घोषणाको राजनीति र कानूनी पक्षमा अलि बढी केन्द्रित छ (मैनाली र गाउँले २०५८) । आवरण लेखसँगै आवरण/विश्लेषण नाउँमा आएको 'राजनीतिक भूमिसुधारका सामाजिक जटिलता' शीर्षकको अर्को लेखमा भने भूमिसुधारको घोषणाले विपन्न वर्गमा पार्न सक्ने राजनीतिक प्रभाव वा लेखकको भाषामा 'जातीय राजनीतिक समीकरण' को विश्लेषण पाइन्छ (लाल २०५८) ।

यसरी एक वर्ष अवधिको *हिमाल*मा मुख्यतः शाही सेनाद्वारा कालिकोटमा मारिएका जोगिमाराका गरिबहरू र हदबन्दीको घोषणाले तराईका गरिबहरूमा पार्न सक्ने राजनीतिक र सामाजिक प्रभावमाथि आवरण लेख प्रकाशित छन् । यी दुवैले सरकारका अभ्यास र प्रयासहरूलाई विभिन्न कोणबाट विश्लेषण गर्न सघाउँछन् । साथै सुकुमबासीहरूले गरिरहेको जङ्गल अतिक्रमण वा गाउँलेहरूको भारत पलायन जस्ता विषयमा लेखिएका सामग्रीसँग पनि गरिबीको सम्बन्ध राम्रो छ । तर यी दुवै सामग्री र अन्य लेखहरूमा पनि दारुण जीवन बिताइरहेका गरिब र विपन्नलाई मुखर रूपमा विषयवस्तुको केन्द्रविन्दु बनाइएको छैन (हस्त गुरुङ २०५८, ज्वाला २०५८) । बरु सङ्कटकाल र माओवादी विद्रोहले पश्चिम नेपालका विकट क्षेत्रमा पारेको प्रभावसम्बन्धी केही विश्लेषण र स्थलगत रिर्पोटहरू प्रकाशित छन् जसको गरिबीसँग धेरै पक्षबाट सरोकार रहन्छ । यद्यपि यो मूलतः राज्य र राजनीतिसँग गाँसिएको समस्या भएकोले सङ्कटकाल, माओवादी विद्रोह र राज्यले गरेका कार्वाहीसम्बन्धी बेग्लै विश्लेषण आवश्यक हुन्छ । यसको मतलब गरिबी राजनीतिक सवाल होइन भन्न खोजिएको होइन ।

*नेपाल*मा युद्ध-पीडित मानिसहरू, अर्थतन्त्र र महिला, कमैया र सुकुमबासी, गरिबहरूको दसैं, आदि विषयमा धेरै छोटा र केही लामा समाचार, लेख छापिएका छन् । २५० भन्दा थोरै शब्दमा प्रकाशित लघु-सामग्रीहरू 'मोफसल' शीर्षकअन्तर्गत प्रकाशित छन् । त्यसैले यी अधिकांश समग्रीहरूले विषय-वस्तुको गहनता वा विश्लेषणभन्दा पनि 'दिलकुमारी विश्वकर्मा रिक्सा चलाएर गुजारा गर्छिन्' या 'दमकका करिब दुई दर्जन ऊन उद्योगमा तीन हजारभन्दा बढी भुटानी शरणार्थी महिलाहरू कार्यरत छन्' जस्ता जानकारी मात्र दिन्छन् । उल्लिखित दुई सामग्री नै पनि गहकिलो विश्लेषणात्मक विषय बन्न सक्छन् । तर यीलगायतका धेरै विषयहरू केवल सूचना दिने किसिमले *नेपाल*मा आएका छन् । गहन विश्लेषण पत्रिकामा छैन ।

विभिन्न विशेषज्ञहरूसँगको कुराकानीमा तयार पारिएका 'नेपाली समाज कता जाँदैछ' (मुख्य लेख) (नेपाल २०५८); 'सुशासन गरे वार्षिक ५० करोड डलर पाइने'; 'सङ्कटको बाटोमा अर्थतन्त्र'; 'छोरीलाई अंश'; 'पुल तर्न नपाउँदाको पीडा' आदि धेरै आवरणकथा प्रकाशित छन् । यसरी अर्थतन्त्र, समाजको विकास, महिला हकलगायतका विषयमा गरिबी मूल केन्द्र बनेर प्रस्तुत भएको छ । साथै 'पुल तर्न नपाउँदाको पीडा' शीर्षकको लेखमा अमेरिकामा भएको सेप्टेम्वर ११ को घटनाले नेपाल-तिब्बत सीमाक्षेत्र परेको प्रभाव विश्लेषण गरिएको पाइन्छ (नेपाल, वर्ष २ अङ्क ६, ७, १० र १८) । सङ्ख्यात्मक हिसाबले गरिबीको सामग्री प्रस्तुत गर्ने सन्दर्भमा *हिमाल*भन्दा *नेपाल* अघि देखिन्छ । तर विषयवस्तुको गहनता र प्रस्तुतिको तुलनात्मक अध्ययन जरुरी छ जसको विस्तृत चर्चा लगत्तैको खण्डमा गरिने छ ।

यो समयावधिमा *मूल्याङ्कन*मा तीनवटा समाचार र चौधवटा विचार/लेख गरिबीबारे लेखिएका छन् । तीमध्ये आधाभन्दा बढी अर्थतन्त्र र व्यापारमा केन्द्रित छन् । महालेखाको प्रतिवेदनदेखि बजेट भाषण; विकास मञ्चदेखि अर्थतन्त्रमा देखिएको गिरावट; साफ्टादेखि विश्व व्यापार सङ्गठन अर्थतन्त्रमा आधारित विषय-वस्तुका केही उदाहरण हुन् । यी सबैमध्ये 'के यो नोक्सान र खर्च देशले धान्न सक्ला' शीर्षकको लेख बढी तार्किक र पृथक छ । 'जनयुद्ध' र सङ्कटकालले देशको अर्थतन्त्र र विकासलाई उँधो डोऱ्याएको तर्क लेखमा गरिएको छ । लेखमा शुरुको ६ महिनामा लक्षित राजस्वको तीस प्रतिशतभन्दा कम उठेकाले अर्को ६ महिनामा बाँकी ७० प्रतिशत राजस्व उठ्ने सम्भावना नरहेको बताइएको छ (श्याम श्रेष्ठ २०५८) । अर्थतन्त्रको अलावा महिला शोषण र किसान आन्दोलनबारे एकाध लेख *मूल्याङ्कन*मा प्रकाशित छन् । गरिबीलाई लिएर यो अवधिको विषयवस्तुमा त्यति व्यापकता छैन भन्ने तथ्यलाई यसले राम्रोसँग उजागर गर्छ । 'यसरी बाँचिरहेको छ एक क्रान्तिकारी नेताको परिवार' (मुक्ता श्रेष्ठ २०५८) र 'काठमाडौंको किसान आन्दोलन' (श्रेष्ठ २०५९) शीर्षकका किसान आन्दोलनबारेका दुइटा लेखबाहेक गरिबीको चुरोमा केन्द्रित भएर केही लेखिएको छैन ।

अध्ययन अवधिभर *विकास*का तीन अङ्क प्रकाशित थिए । तीनै अङ्कमा छापिएका अधिकांश सामग्री गरिब र गरिबीसँग सम्बन्धित छन् । अन्य पत्रिकाहरूका साम्रगीहरूको तुलनामा *विकास*का विषयवस्तुले अलि पृथक स्थान ओगटेको छन् । विभिन्न सामाजिक अभ्यासहरूलाई व्यापकता दिन र विषयवस्तुमा विविधता ल्याउन *विकास*ले राम्रै भूमिका खेलेको छ । भरिया-देखि बाल मजदुरसम्म; हुम्लाको सामाजिक-आर्थिक अवस्थादेखि प्रजातन्त्र र गरिबहरूको सम्बन्धसम्म; गरिबी निवारणको लागि पर्यटनदेखि दलित महिलाहरूको जीवनसम्म; अनि खस्कँदो वातावरणीय समस्यादेखि मिडियामा दलित र जनजातिको अवस्थासम्मको चित्रण गरेर *विकास*ले विषयवस्तुमा व्यापकता देखाएको छ । यी अधिकांश लेखहरूको प्रस्तुति क्षणिक समाचारको उद्देश्यभन्दा पनि लामो सामाजिक बहसलाई टेवा पुऱ्याउने किसिमले आएका छन् । गरिबी र अन्य विभिन्न पाटासँग गाँसिएका सामाजिक द्वन्द्वको बहसलाई गति दिनमा धेरै सामग्री लक्षित छन् (ओम गुरुङ २०५८, ढुङ्गाना २०५८, महर्जन २०५९) ।[७]

## *विरलै 'हेडलाइन' बन्छ गरिबीको समाचार*

*कान्तिपुर* र *गोरखापत्र*मा गरेर गरिबीबारे ३५० भन्दा बढी सामग्री प्रकाशित छन् । यीमध्ये बीस वटाभन्दा कम सामग्रीले मात्र *कान्तिपुर* र *गोरखापत्र*को पहिलो पृष्ठमा स्थान पाएका छन् । सम्पूर्ण प्रकाशित सामग्रीमध्ये ६ प्रतिशत-भन्दा कमले पहिलो पृष्ठमा स्थान पाउनु निराशाजनक तथ्य हो । *कान्तिपुर*को मुखपृष्ठमा प्रकाशित समाचारमा जग्गाको हदबन्दीसम्बन्धी दुईवटा, एघारौं सार्क सम्मेलनको बेला तीनवटा र बाँकी बजेट भाषणको समयमा आएका हुन् । यी सबै समाचार नीतिसँग जोडिएका छन्– दलित, जनजाति र पिछडिएको वर्गमा हदबन्दीबाट जग्गा दिलाउने नीति; सार्कको कुटनीतिक, राजनीतिक र व्यापारिक नीति र सरकारको बजेट र आर्थिक नीति । यही समयमा नारायण वाग्ले र विजयप्रसाद मिश्रले हदवन्दीको घोषणाप्रति सिराहाका दलित बासिन्दाहरूको टिप्पणीलाई समाचार बनाएका छन् । उनीहरुका अनुसार तोकिएको हदबन्दी-बाहिर अति कम जग्गा भएकोले भूमिहीन परिवारले यसबाट खासै फाइदा पाउन नसक्ने स्थिति छ (वाग्ले र मिश्र २०५८) । प्रमुख समाचार बनेको यो सामग्री *कान्तिपुर*मा प्रकाशित एकमात्र उदाहरण हो जसमा नीतिसँगै त्यसले प्रत्यक्ष असर पार्ने विपन्न वर्गको आवाज पनि मुखर छ । अन्य सबै सामग्री नितान्त नीतिगत कुरामा अल्झिएका छन् । अर्थात् सम्बन्धित नीतिसँगै विपन्न र पछि परेका गरिबहरूको कथा समेटिएको छैन । यसरी नीति र ठूला सम्मेलनइतरका अनेकौं विषयले गरिबीको पक्षबाट हेडलाइन बन्ने अवसर पाएका छैनन् ।

---

[७] *विकास* पत्रिकाबारे थप जानकारीको लागि बस्नेत (२०६०) हेर्नुहोस् ।

भदौ, पुस र असार महिनामा प्रकाशित यी सामग्रीबाहेक अध्ययनमा परेका अन्य तीन महिनामा गरिब/गरिबीबारेको कुनै समाचार पहिलो पृष्ठमा प्रकाशित छैन । कुनै घोषणा वा सम्मेलनबाहेक अन्य अवस्थामा गरिबीले विभिन्न समायवधिको सम्पूर्ण महिनाभरि प्राथमिकता नपाउनु उदेकलाग्दो तथ्य हो । अर्थात् *कान्तिपुर*को महत्वमा गरिबी पर्न वा आफैँमा समाचार बन्न सकिरहेको छैन ।

*कान्तिपुर*मा जस्तै *गोरखापत्र*को पहिलो पृष्ठमा दसौं अपाङ्ग दिवसदेखि गरिबी निवारणको योजना तर्जुमा गर्न बसेको सचिवस्तरीय बैठकसम्म, दसौं योजनासम्बन्धी राष्ट्रिय विकास परिषदको बैठकदेखि राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनको एसिया तथा प्रशान्त क्षेत्रीय सम्मेलनसम्म, साथै नेपाल विकास मञ्चको बैठकदेखि मोण्टरी सम्मेलनसम्मका सबै समाचार घटनामुखी छन् । केही उदाहरणलाई अघि सारेर यसबारे बुझ्न र चर्चा गर्न सहज हुन्छ ।

> प्रधानमन्त्री शेरबहादुर देउवाले खाद्य-सुरक्षा तथा गरिब जनताका लागि अवसर र विकल्पहरूको सिर्जना गर्न भोक निवारण आवश्यक रहेको बताउनुभएको छ । प्रधानमन्त्री देउवाले उक्त कुरा राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) को २६औं एसिया तथा प्रशान्त क्षेत्रीय सम्मेलनको आज यहाँ उद्घाटन गर्दा बताउनु भयो । आर्थिक असमानता एवम् सुविधाविहीनताका अन्य रूपहरूको जरो गरिबीमै हुन्छ भन्ने कुरामा कुनै शङ्का छैन भन्दै उहाँले भोक गरिबीको चरम रूप भएको धारणा व्यक्त गर्नुभयो (गोरखापत्र २०५९ग) ।

> श्री ५ को सरकारले तयार पारेको दशौं योजना तथा गरिबी निवारण रणनीतिका लागि दातृ समुदायले लचिलो भएर सहयोग गर्ने भएका छन् । आगामी वर्षदेखि नेपाल दशौं योजना कार्यान्वयनको क्रममा रहेको अवस्थामा त्यसको तयारीका लागि सरकारले एवम् मध्यम अवधिको खर्च व्यवस्थापनका लागि सरकारले तयार पारेको दस्तावेजमा दातृ समुदायले सहमति जनाउँदै ती योजना तथा कार्यक्रमहरूमा सहयोग गर्ने भएका हुन् । नेपाल विकास मञ्चको बैठकका क्रममा आज दातृ समुदायले त्यस्तो सहयोग गर्ने कुरा उल्लेख गरेका हुन् । त्यसका अतिरिक्त तत्कालीन समस्या समाधानका लागि पनि दातृ समुदाय सहयोग गर्न तयार रहेका छन् (भट्टराई र पौडेल २०५८) ।

> नेपाल मानव विकास प्रतिवेदन-२००१ ले गरिबी घट्न नसक्नु र सुशासनको अभाव हुनु नेपालको विकासका जुम्ल्याहा समस्याको रूपमा इङ्गित गरेको छ । ...प्रधानमन्त्री शेरबहादुर देउवाले आज एक समारोहबीच संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले तयार गरेको नेपाल मानव विकास प्रतिवेदन-२००१ सार्वजनिक गर्दै धेरै साधन र स्रोत खर्च भइसकेको भए पनि गरिबी निवारणमा उल्लेख्य प्रगति हासिल हुन नसकेको विचार व्यक्त गर्नुभयो (गोरखापत्र २०५८क) ।

> दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को एघारौं शिखर सम्मेलनले आतङ्कवादविरुद्ध लडाइँ सशक्त बनाउने साझा स्वर मुखरित गर्दै ५६ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको छ । ...घोषणापत्रमा गरिबी निवारणका लागि राष्ट्रिय सरकार, अन्तराष्ट्रिय सङ्घ-संस्था, निजी क्षेत्र तथा नागरिक समाजबीच सक्रिय साझेदारी गर्ने उल्लेख गरिएको छ । सार्क सचिवालयको सहयोगमा यो क्षेत्रमा भएका उत्कृष्ट वा नमूना कार्यक्रमलाई एकअर्काबीच आदान-प्रदान गर्ने र स्वरोजगार वृद्धि गर्न घरेलु तथा स्थानीय सीपलाई बढावा दिने योजना राखिएको छ (भट्टराई र पराजुली २०५८) ।

*गोरखापत्र* र *कान्तिपुर*का पहिलो पृष्ठका यी समाचार कुनै सम्मेलन, सभा वा औपचारिक कार्यक्रम या घटनामा आधारित छन् । प्रथम पृष्ठमा प्रकाशित प्रायः सामग्री यस्ता ठूला सम्मेलन या कार्यक्रममा केन्द्रित भएकाले यिनलाई घटनामुखी समाचार भनेर बुझ्न सजिलो हुन्छ । हेडलाइन बनेर आएका यी सामग्रीमा प्रधानमन्त्री, मन्त्री र सम्बन्धित कार्यक्रम प्रमुखको भाषण/वक्तव्यले नै समाचारको प्रायः वा सम्पूर्ण अंश ओगटेको हुन्छ । माथिका उदाहरणले यही पुष्टि गर्छन् । ती कार्यक्रमहरूमा संलग्न र सम्बन्धित विषयमा राम्रो जानकारी राख्ने व्यक्ति र विश्लेषकहरूले छापामा राम्रो स्थान पाउने गरेका छैनन् । नेताको भाषण/वक्तव्यलाई प्राथमिकता दिँदै ठूला समाचार बनाइरहेका पत्रकारहरूले तिनै कार्यक्रमका सहभागी विज्ञ र जानिफकारहरूसँग कुराकानी गरेर समाचार बनाएको उदाहरण कमै पाइन्छ । माथि उद्धृत पहिलो समाचारको अन्तिम अनुच्छेद हेरौं:

> ...सम्मेलनले यसै महिनाको २७ देखि ३० गतेसम्म इटलीमा हुने विश्व खाद्य शिखर सम्मेलनमा एसिया प्रशान्त क्षेत्रबाट प्रस्तुत गरिने दृष्टिकोण पनि तयार गर्ने बताइएको छ । नेपालमा पहिलोपटक भइरहेको सो सम्मेलनमा यस क्षेत्रका कृषिमन्त्री, कृषि वैज्ञानिक, वरिष्ठ सरकारी अधिकृत, नागरिक समाज र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका ४० देशका प्रतिनिधिहरूले भाग लिइरहेका छन् (गोरखापत्र २०५९ग) ।

यो समाचारले सम्मेलनमा विभिन्न विज्ञहरूको पनि उपस्थिति भएको बताउँछ । तर गरिबी र खाद्य-सुरक्षाको विषयसँग प्रधानमन्त्रीभन्दा धेरै प्रकारले परिचित र जानकारहरूको भेलामा ती विशेषज्ञहरूको विचारले छापामा स्थान पाएन । समाचार अधिकांशतः तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको अभिव्यक्ति र तथ्याङ्कले भरिएको छ । यही समाचारमा मात्र नभएर सोही दिन वा लगत्तैका दिनहरूमा पनि *गोरखापत्र*मा सो क्षेत्रीय सम्मेलनमा के कस्ता निर्णय भए वा यी ४० देशका प्रतिनिधिहरूले के विषयमा छलफल, बहस गरे या टुङ्गोमा पुगे भन्नेबारे केही लेखिएको छैन । यो उदाहरण मात्र हो । धेरै समाचारहरूको

शुरुआत प्रमुख अतिथिको मन्तव्यको कोटबाट हुन्छ र अन्तिम अनुच्छेदमा फलाना-फलाना व्यक्तिहरू पनि सहभागी हुनुहुन्थ्यो वा यी विभिन्न व्यक्तिहरूले पनि मन्तव्य दिनु भयो भनेर लेखिएको हुन्छ । सम्मेलनमा भाग लिएका सम्बन्धित विषयका दिग्गज वा जानिफकारहरूले के कस्तो छलफल गरे वा तर्क राखे भनेर समाचारमा विरलै पढ्न पाइन्छ ।

यी पत्रिकाहरूमा विभिन्न सामाजिक वा सामूहिक वा संस्थाका प्रक्रिया र अभ्यासहरू समाचार बनेको त्यति देख्न पाइँदैन न त ठूला सम्मेलन र योजना जुन वर्ग वा समुदायलाई लक्षित हुन्छ तिनको कथा वा विचारहरू समाचारमा गाँसिएर आउँछन् । *गोरखापत्र*मा २०५९ जेठ १ गते सुनकोशी क्षेत्रमा ढुङ्गा, बालुवा र गिट्टीको काम गर्नेहरूको जनजीवनमा केन्द्रित समाचार 'परिवार पाल्नुभन्दा आश्रयकै चिन्ता' शीर्षकमा प्रकाशित छ । यो घटनामुखी सामग्रीभन्दा पृथक छ (गोरखापत्र २०५९ख) । सामग्री र विषयवस्तु प्रस्तुतिको पाटोबाट यो सामग्री कमजोर छ । तर यस्ता विषय पनि पहिलो पानामा अटाउन सक्छन् भन्ने कुराको यो राम्रो उदाहरण हो ।

यसरी *गोरखापत्र* होस् वा *कान्तिपुर,* गरिबीसम्बन्धी कैयौं सामग्री यी दुवैमा प्रकाशित हुने गरे पनि गरिबीले पाउँदै आएको स्थान भित्री पाताहरू मात्रै हुन् । दुइटा पत्रिकाको एक वर्षको अवधिमा करिब बीसवटा सामग्री प्रमुख समाचार हुनु भनेको औसतमा महिनाको एउटा सामग्री पनि नहुनु हो । यसले प्रकाशन गृहको चासो र रुचिमा गरिबी पर्दैन भन्ने कुरा प्रष्ट हुन्छ । पत्रपत्रिकामा प्रकाशित समाचारका किसिम र यस्ता तथ्यहरूले गरिबी आकर्षक समाचारको विषय वा खुराक नभएको पुष्टि गर्छन् । यही कारण पनि समाचारको दृष्टिकोणबाट गरिबीको प्राथमिकता र विषयवस्तुको दायरा विभिन्न प्रकारका योजनाबद्ध र औपचारिक घटनाको वरिपरि मात्र रहेको छ ।

*देशान्तर* र *जनएकता*जस्ता साप्ताहिकको मुखपृष्ठमा प्रमुख समाचार बनेको छैन गरिबी । अवश्य भित्री पानाहरूमा केही सामग्री प्रकाशित छन् । *हिमाल*मा माथि चर्चा गरिएका तीनवटा मध्ये 'मृत्युभन्दा कठोर सजाय' शीर्षकको लेखमा जोगिमारा, धादिङका दरिद्र परिवारमाथि भएको अन्याय, अत्याचारको विवरण प्रस्तुत छ । कामको खोजीमा कालिकोट पुगी हवाई मैदान बनाउन पसिना बगाइरहेका जोगिमाराका १५ घर-परिवारका १७ जना मजदुर शाही सेनाले चलाएको गोलीबाट एकै चिहान भएका थिए । ती निर्दोष मानिसको हत्यापश्चात तिनका परिवारजनमा परेको प्रभावको रिपोर्टिङ क्रममा जोगिमाराको भयावह गरिबी एकाएक छापामा देखा परेको हो । यदि कालिकोटको घटना वा अन्य त्यस्तै घटना नहुँदो हो त आर्थिक, शैक्षिक र सामाजिक आदि हरेक पाटोबाट पछि परेका दरिद्र परिवारको समाचारले यति ठूलो स्थान नपाउने निश्चित थियो । कारण अहिलेसम्म कुनै ठूलै घटना नघटेसम्म विपन्न वर्गका कठोर जीवन छापामा सहजै आएका छैनन् । साथै सो आवरण लेख *हिमाल*को आफ्नै उत्पादन होइन । खोज

पत्रकारिता केन्द्रले उत्पादन गरेको सो लेख *हिमाल*ले किनेर छापेको हो ।[८] यसले पत्रपत्रिका आफैँले यस्ता विषयमा त्यति धेरै लगानी नगरेको देखाउँछ । अर्कोतर्फ घटनामुखी प्रवृत्ति *हिमाल*मा पनि राम्रैसँग उजागर भएको छ ।

*नेपाल*को अवस्था *हिमाल*को भन्दा अलि पृथक छ । *नेपाल*मा दुर्गम क्षेत्रको जनजीवन, गरिबहरूका केही कष्टकर कथाहरू, माओवादी प्रभावित क्षेत्रका मानिसहरूको जीवनलगायतका विषयवस्तुमा केन्द्रित केही प्रमुख समाचार प्रकाशित छन् । ग्रामीण जनजीवनले मिडियामा प्राथमिकता नपाउने गरेको अवस्थामा गरिबी प्रमुख समाचार बनेर आउनु राम्रो पक्ष हो । तर *नेपाल*का गरिबीसम्बन्धी कतिपय सामग्री हलुका छन्, विषयको गहिराइमा पुगेका छैनन् । उदाहरणका लागि, 'कसरी पाउँछन् भूमिहीनले जग्गा' शीर्षकको लेखमा प्रधानमन्त्री शेरबहादुर देउवाले हदबन्दीसम्बन्धी के वा कस्तो घोषणा गरे भन्ने जानकारी छैन । सबैलाई घोषणा थाहा छ भन्ने अनुमानमा दुई पानाको लेख आएको छ (सिम्खडा २०५८) । लेखमा घोषणाको सामाजिक जटिलता वा राजनीतिक प्रभावहरूबारे उल्लेख पाइँदैन । केवल घोषणाको विरोध र समर्थनमा संसदमा दर्ता भएको विधेयकको जानकारी पाइन्छ । त्यस्तै, 'हुँदा खानेको दसैं' र 'खोसिएको दसैं' मुख्य कथा बनेका दुइटा प्रमुख लेख हुन् जहाँ विषयको चयन राम्रो हुँदाहुँदै पनि विषयवस्तुको प्रस्तुति फितलो छ (तिम्सिना २०५८, डाँगी २०५८ख) ।

*मूल्याङ्कन*मा गरिबीसम्बन्धी प्रकाशित सत्रवटा सामग्रीमध्ये कुनैले पनि आवरण लेख बन्न पाएनन् । अनि *विकास*का विषयवस्तुमा हुने गरेको लामो आयुबारे अघिल्लो खण्डमा चर्चा गरिसकिएको छ ।

माथिका उदाहरणले दैनिक होस् वा पाक्षिक, देशका विभिन्न ठाउँमा रहेको भयावह गरिबीले तिनमा स्थान पाउन कुनै घटना त्यससँग जोडिएर आउनु पर्ने बाध्यता भएको देखाउँछ । त्यसैले गरिबी वा गरिबहरूको जीवनवृत्ति आफैँमा मुख्य समाचार बन्न सकेका छैनन् । गरिबी र विपन्नमाथि भएको सरकारी वा अन्य प्रकारका ज्यादती, गरिबहरूलाई प्रभाव पार्ने घटना/ दुर्घटना, सरकारको नीति वा घोषणा भएमा गरिबीले प्राथमिकता पाएको छ ।

दैनिक अखबारहरूको चर्चा गर्दा पत्रकारहरूले दिनदिनै समाचार लेख्नुपर्ने व्यस्तता तथा समयको चापलाई पनि ख्याल गर्नुपर्छ । यसरी नियमित हुने कामले दैनिक पत्रिकामा कार्यरत पत्रकारहरूलाई गहकिलो र खोजमूलक सामग्री उत्पादनमा सीधै प्रभाव पार्छ । यही कारण पनि गरिबीलाई केन्द्रविन्दु बनाएर पहिलो पृष्ठमा यस्ता समाचारहरू विरलै प्रकाशनमा आएका छन् । अरू त अरू, तुलनात्मक रूपमा विषयवस्तु चयन र उत्पादनमा राम्रै समय पाएका पाक्षिक र मासिक पत्रिकाले पनि यो विषयलाई ओजपूर्ण र सबैको ध्यानाकर्षण गर्ने तवरमा

---

[८] खोज पत्रकारिता केन्द्रको कामबारे भट्ट (२०६०) हेर्नुहोस् ।

उठाएका उदाहरणहरू नगण्य छन् । यसबाट स्पष्ट हुन्छ, गरिबीको विषयवस्तुले पाउनुपर्ने जति महत्व र स्थान पाएको छैन ।

## विषयवस्तु विश्लेषण

पहिलो खण्डमा विषयवस्तुमाथि गरिएको पर्यवेक्षणको आधारमा यो परिच्छेदमा केही विस्तृत व्याख्या गरिनेछ । यस खण्डमा छापामा प्रकाशित हरेक समाचारको चर्चा नगरिए पनि गरिबीको लेखनमा देखिएको मुख्य प्रवृत्ति र केही प्रमुख प्रसङ्गलाई योजना, बजेट र सूचकाङ्कको खेल; दुर्गम छ विकट क्षेत्रको विषयवस्तु; सामाजिक वस्तुस्थिति र अल्पसङ्ख्यकको उपस्थिति जस्ता तीन शीर्षकमा विभाजन गरी व्याख्या गरिएको छ ।

### *योजना, बजेट र सूचकाङ्कको खेल*

सबै पत्रिकाका अधिकांश सामग्रीहरू योजना आयोग, विश्व ब्याङ्क र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनमा उल्लेख तथ्याङ्क र सूचकाङ्कमा आधारित छन् । जीडीपी वा प्रति व्यक्ति आय, सरकारी वित्तीय लगानी, आर्थिक वृद्धिदर आदि सूचकाङ्क नै धेरै सामग्रीका गुदी हुन् । यिनै आर्थिक सूचकाङ्कको आधारमा नै छापामा प्रायः गरिबीको समाचार छापिने गरेका छन् । हेरौं केही उदाहरणः

> एसियाली विकास ब्याङ्कले सन् २००२ मा नेपालको आर्थिक वृद्धिदर ३ दशमलव ५ प्रतिशतमा झर्ने अनुमान गरेको छ । बढ्दो हिंसा तथा शान्तिसुरक्षाको बिग्रँदो स्थितिका कारण मुलुकको आर्थिक वृद्धिदरमा त्यसरी गिरावट आउने अनुमानसहित सो ब्याङ्कले सन् २००३ मा त्यस कुरामा सुधार आएको खण्डमा सन् २००१ कै जति ५ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान पनि गरेको छ । मौसमी प्रतिकूलताका कारण नेपालको कृषि क्षेत्रको वृद्धिदर सन् २००१ को ४ प्रतिशतको तुलनामा सन् २००२ मा ३ प्रतिशतमा झर्ने अनुमान सो ब्याङ्कको रहेको छ । यस्तै आन्तरिक असुरक्षा तथा बाह्य परिस्थितिका कारण नेपालको पर्यटन तथा औद्योगिक क्षेत्रको संयुक्त वृद्धिदर सन् २००२ मा ३ दशमलव ५ प्रतिशत रहने अनुमान गरिएको छ । सन् २००१ मा ती क्षेत्रको वृद्धि क्रमशः २ दशमलव ३ र ७ प्रतिशत रहेको थियो (गोरखापत्र २०५८ग) ।

> सन् १९९६ र २००० को बीचमा नेपाल अधिराज्यको मानव विकास १५ दशमलव ६ प्रतिशतले वृद्धि भएकोमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको स्तरमा गिरावट आएको र मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा १ दशमलव ३ प्रतिशतले मात्र वृद्धि भएको छ । यस्तै, सोही अवधिमा मध्य पहाडी क्षेत्र ०.८ प्रतिशत, पूर्वी पहाडमा १५ प्रतिशतले मानव विकास सूचकाङ्क बढेको छ । ग्रामीण क्षेत्रको मानव विकास सूचकाङ्क ८ दशमलव ६ प्रतिशतले र शहरी क्षेत्रको सूचकाङ्कमा १६ दशमलव १

प्रतिशतले वृद्धि भएको उक्त मानव विकास प्रतिवेदनले उल्लेख गरेको छ (गोरखापत्र २०५८क) ।

नवौं योजनामा गरिबी निवारणमा आशातीत सफलता प्राप्त गर्न नसकेको तथ्यलाई दृष्टिगत गरी दशौं योजनाको लक्ष्य भने केही सच्चाएर करिब-करिब यथार्थपरक राखिएको छ । दशौं योजनाको मस्यौदाको आधारमा गरिबीको रेखामुनि रहेको जन-सङ्ख्याको प्रतिशतलाई ३० प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ । साढे ६ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त गरी यो लक्ष्य नवौं योजनाको भन्दा साढे १ प्रतिशतले बढी छ। ...दशौं योजनाको आर्थिक वृद्धिदर ४ दशमलव २ र गैरकृषि क्षेत्रको वृद्धिदर वार्षिक ७ दशमलव ७ प्रतिशतले हुनुपर्ने अनुमान गरिएको छ। यो वृद्धिदर हासिल गर्न प्रतिव्यक्ति आय ४ दशमलव ३ प्रतिशतले वृद्धि हुने अनुमान छ । यसका लागि जीडीपीको प्रतिशतमा राष्ट्रिय बचत हालको १८ दशमलव २ प्रतिशतबाट वृद्धि गरी २३ दशमलव ८ प्रतिशत र लगानी २४ दशमलव ५ प्रतिशतबाट वृद्धि गरी २८ प्रतिशत पुऱ्याइने लक्ष्य राखिएको छ (कान्तिपुर २०५८) ।

यसरी पत्रिकामा धेरै सङ्ख्यामा र ठूलो स्थान ओगटेर आउने गरिबीका समाचारहरूमा विकासको मानक बनेर बृहत्अर्थतन्त्रका सूचकाङ्क मनग्गे आउँछन् । यस्ता समाचारका गुणस्तरको बेग्लै विश्लेषण गर्नु आवश्यक भए पनि सम्बन्धित सूचकाङ्कहरूले गरिबीको क्षेत्रमा हुने प्रयासलाई सहज रूपमा बुझ्न सघाउँछन् कि सघाउँदैनन् भन्ने प्रश्न रहिरहन्छ। कारण, अहिलेसम्म यी सूचकाङ्क र तथ्याङ्कले तात्विक रूपमा नेपालको गरिबीलाई सामाजिक-राजनीतिक कोणबाट बुझ्न त्यति सघाएका छैनन् । अर्थात् नेपाली समाजमा गरिबी कुन तहको सामाजिक वा राजनीतिक समस्या हो भनेर बुझ्न सकिँदैन । साथै आर्थिक रूपमा मात्र पनि गरिबीका जटिलताहरूलाई बुझ्न यी तथ्याङ्कले ठूलो सहयोग गर्दैनन् । यदि पत्रपत्रिकामा प्रकाशित माथिका अंशहरूलाई आर्थिक सूचकाङ्कको प्रतिनिधि गर्ने केही राम्रो उदाहरण मान्ने हो भने यी सूचकाङ्कको वृद्धि सँगसँगै गरिबी हटाउने प्रयासहरूमा कसरी सुधार हुन्छ भनेर बुझ्न त्यति सहज छैन । देशभरि गरिबी निवारणको नाममा चलिरहेका प्रयासहरूलाई यस्ता सूचकाङ्कहरूले परोक्ष वा प्रत्यक्ष रूपमा कसरी प्रभाव पार्छन् भन्ने आभाससम्म पनि यी सामग्रीमा पाइँदैन। त्यसैले बृहत्आर्थिक तथ्याङ्क र सूचकाङ्कमा आधारित समाचारहरूले मात्र गरिबीको क्षेत्रमा हुने बहसलाई कुनै ठोस आकार दिँदैन । यी सूचकाङ्कहरू अति प्राविधिक, अनुत्साह- प्रद र आफैँमा अपूर्ण हुन्छन् । पहिले अर्थमन्त्रीसमेत रहेका देवेन्द्रराज पाण्डेले उनको पुस्तक *नेपाल्स फेल्ड डेभलपमेण्ट*मा भनेका छन्:

यो(गरिबीको) सवालमा बहस गर्ने व्यवसायिक व्यक्तिहरूको लागि पनि एउटा व्यवहारिक समस्या के हो भने विभिन्न प्रवृत्तिको प्रभावकारी छलफल गर्न बृहत्अर्थशास्त्रको क्षेत्रमा पनि हामीसँग ज्यादै थोरै मात्र आधिकारिक सूचना छन्

। यसो हुनुको दुइटा कारण छन् । पहिलो, तथ्याङ्कको चरित्र, गुण र आधि-कारिकता हो । यो कुरा अर्थशास्त्री र अन्य सक्रिय व्यवसायिक व्यक्तिले राम्रो-सँग बुझेका छन् । दोस्रो, तथ्याङ्कको निरीक्षण प्रवृत्तिमा हुने गरेको अनिश्चितता हो जसको आधारमा मात्र गहकिलो अर्थ निकाल्न वा विश्लेषण गर्न हच्किनु पर्ने हुन्छ (सन् २०००: ४१) ।

पाण्डे (सन् २०००)ले लेखेका छन्– "आर्थिक सूचकाङ्कलाई जसरी गुण-स्तरीय शिक्षा वा यसमा पहुँचको सम्भावना वा स्वास्थ्य सेवाको वस्तुस्थिति जस्ता बृहत्-सामाजिक सूचकाङ्कहरूलाई मिडियाले 'आकर्षक' र 'बेच्नयोग्य' सूचकाङ्क नठान्नु आश्चर्य र बुझिनसक्नुको कुरा हो ।" तर विभिन्न सामाजिक क्षेत्रमा यस्ता बृहत्सामाजिक विषयमा गरिएका अध्ययन र सूचना आफैँमा छरपष्ट छन् । तथ्याङ्कमा आधारित विषयवस्तुलाई समाचार बनाउन मिडियालाई पनि सजिलो हुन्छ । अनि शिक्षा, स्वास्थ्यलगायतका अनेकौं सामाजिक सूचकाङ्क कति अवस्थामा कम तथ्याङ्कगत भएका र झट्ट हेर्दा गरिबीसँग सरोकार नहुनाले पनि मिडियाको रोजाइमा विषयहरू त्यति परेका छैनन् । यसरी फैलिएको विषय, छरिएको सूचना, सार्वजनिक नभएका सामाजिक अध्ययन र तथ्याङ्क आदि सबै कुरा एकै ठाउँमा नपाइने भएकोले पत्रपत्रिकामा आर्थिक-बाहेकका अन्य पक्षबाट समाचार त्यति आउँदैनन् । यही कारण पनि पत्र-पत्रिकालाई विभिन्न सन्सनीपूर्ण खोज र समाचार लिएर आउने ठाउँ धेरै छ ।

गएको दशकमा बजेटको प्रमुख लक्ष्य नै 'गरिबी निवारण' थियो । यो अवधिमा अध्ययनमा परेका पत्रिकामा प्रकाशित विषयहरूमा आर्थिक विषय-वस्तुले अरू विषयलाई धेरै पछि छोडेको छ । आर्थिक सामग्री धेरै हुनुमा तीन प्रमुख कारण देखिन्छन् । पहिलो, अध्ययनको यो समय नवौं योजनाको अन्त्य र दशौं योजनाको प्रारम्भको घडी थियो । दोस्रो, अध्ययनको समयावधिमा बजेट भाषण पनि परेको छ । त्यसैले आर्थिक वर्ष २०५९/०६० को बजेट घोषणा हुनुभन्दा केही दिनअघि र घोषणापछि यस विषयमा धेरै नै लेखिएको छ । तेस्रो, गरिबीलाई प्रभाव पार्ने सबैभन्दा महत्वपूर्ण पक्ष अर्थतन्त्र हो भन्ने आमअवधारणा या बुझाइ छ । जनमानसमा र विशेषज्ञहरूमा पनि आर्थिक समुन्नति सँगसँगै गरिबी निस्तेज हुँदै जान्छ भन्ने एकप्रकारको अनौठो समझदारी छ (पोखरेल २०५८, खत्री २०५९) ।

*कान्तिपुर* होस् वा *देशान्तर, हिमाल* होस् वा *मूल्याङ्कन* विकास, योजना र अर्थतन्त्रको सेरोफेरोमा निकै सामग्री उत्पादन भएका छन् । *कान्तिपुर*मा अर्थतन्त्र र विकास बजेटका अधिकांश सामग्रीहरू समाचार बनेर आएका छन् । कामका लागि खाद्यान्न कार्यक्रमदेखि गरिबसँग विश्वेश्वरसम्म, गरिबी निवारण कोषदेखि दशौं योजनाको गरिबी झारिने लक्ष्यसम्म धेरै विषयवस्तु आर्थिक चौघेरोमा छन् । तर नेताको भाषण, वक्तव्य वा विशेषज्ञको विचार आदिमा नै बढी केन्द्रित यी

समाचारहरू विघ्नै औपचारिक छन् (घिमिरे २०५८, कान्तिपुर २०५९क, गोरखापत्र २०५८ख) । नेताको भाषण र योजनाकारको प्रतिबद्धता- लाई समाचारको रूपमा प्रस्तुत गर्नु राम्रो पक्ष हो । माथि उद्धृत अंशहरूले यसरी समाचार आएको छ भन्ने पुष्टि पनि गर्छन् । तर सम्पूर्ण कुरा यतिमै सीमित हुनु राम्रो सङ्केत होइन ।

यदि विभिन्न सामाजिक प्रयासहरू र त्यससँग सम्बन्धित सामग्रीहरूको अभाव नै अहिलेको वास्तविकता र वस्तुस्थिति हो भने पनि भएकै आर्थिक सूचकाङ्कसँग मात्र खेलेर मिडियाले धेरै उत्कृष्ट सामग्री उत्पादन गर्न सक्ने ठाउँहरू नभएका होइनन् । उदाहरणको लागि मिडियाले त्यस्ता धेरै आयोजना, कार्यक्रम र विकासका दस्तावेज उधिनेर निकाल्न सक्छ जसले विगतमा कुनै नतिजा निकालेनन् वा ती ज्यादै नै उपलब्धिमूलक भए । विभिन्न विकासे आयोजना र नीतिको समीक्षा विषयवस्तुको ठूलो क्षेत्र हुनसक्छ । यसो भएमा विकासका गतिविधि र बजेटमाथि मिडियाले निरन्तर निगरानी राख्न सक्छ । यसले मिडियालाई आफ्नो कार्य गर्न सघाउँछ पनि । विभिन्न दातृ समूह र राष्ट्रिय योजना आयोगको कार्यक्रम गरिबी निवारणमा केन्द्रित पनि छ । यदि मिडियाले नियमित रूपमा ती कार्यहरूमाथि आर्थिक निरीक्षण गर्न सके सूक्ष्म तहमा सामग्री उत्पादन हुने सम्भावना मनग्य छ ।

*कान्तिपुर*मा विश्व खाद्य सङ्गठनको 'कामको लागि खाद्यान्न कार्यक्रम' सम्बन्धी धेरै समाचार प्रकाशित छन् । तर यी कुनै पनि समाचारले यस्ता विकासे कार्यक्रमको प्रभाव वा स्थानीय रूपमा पारेको असर, सम्बन्धित समूह वा व्यक्तिहरूले यस्ता कार्यक्रमलाई हेर्ने दृष्टिकोण वा कार्यक्रमसँग गाँसेर कर्णालीका विपन्नहरूको आवाजलाई मुखर रूपमा प्रस्तुत गरेको छैन । अधिकांश समाचार खाद्यान्न पुग्यो कि पुगेन; यातायातले कसरी खाद्यान्न पुग्नमा गतिरोध ल्यायो आदि विषयमा केन्द्रित छन् । यस्ता कार्यक्रमहरूमाथि प्रत्यक्ष निगरानी राख्ने, आर्थिक लेखाजोखा राख्ने वा मूल्याङ्कन गर्ने पक्षबाट समाचारहरू सम्प्रेषण हुन सक्छन् । तर त्यस्तो भएको छैन । यो एउटा उदाहरण मात्र हो । प्रकाशन गृहले इच्छा गरेमा यस्ता धेरै काम सक्रियतापूर्वक गर्न सक्छ ।

योजना, 'गरिबी निवारण'सम्बन्धी विकासका कार्यक्रम र आर्थिक सूचकाङ्कले समय समयमा पाएको प्राथमिकतालाई यो विश्लेषणले छर्लङ्ग पारेको छ । तर यी योजना र कार्यक्रमहरूको कार्यान्वयन पक्ष कमजोर छन् भन्ने कुरालाई पनि मिडियाको 'निगरानी'ले भन्दा यिनै कार्यक्रमहरूको आन्तरिक मूल्याङ्कन र स्वीकारोक्तिले सार्वजनिक बनाएको छ । यसबाट पनि स्पष्ट हुन्छ पत्रपत्रिका गरिबीको समाचार लेखनमा चुकेका छन् । साथै जसका लागि यी योजनाहरू तर्जुमा गरिन्छन् ती गरिब र विपन्न जनसमुदायको आवाजले कार्यक्रमहरूसँग प्रत्यक्ष सरोकार राख्दै छापामा प्रतिविम्बित हुने अवसर थोरै मात्र पाएको छ । खालि राष्ट्रिय योजना आयोग, त्यसका कार्यक्रम र दस्तावेजहरू, पञ्चवर्षे योजना

अनि केही प्रतिवेदनहरूले छापामा स्थान पाएका छन् (डाँगी २०५८क, कान्तिपुर २०५९ख, गोरखापत्र २०५९क) ।

गरिबीको बहस कार्यक्रम र योजनामा मात्र केन्द्रित छ भन्ने तथ्य यी समाचारबाट स्पष्ट हुन्छ। अर्थात् योजना, बजेट र सूचकाङ्कको खेलमा अल्झिएको छ मिडिया । यो खेलभित्र पनि योजना र बजेटको कार्यान्वय पक्ष र विभिन्न विकासका प्रयासहरूमा नभएर घोषणा, रिपोर्ट र सहज उपलब्ध हुने सूचनामा केन्द्रित छ विषयवस्तु ।

## *दुर्गम छ विकट क्षेत्रको विषयवस्तु*

दुर्गम भन्नासाथ विशेषगरी सहजै पुग्न नसकिने या यातायातको असुविधा भएको र अन्य आधारभूत सुविधा जस्तै शिक्षा, स्वास्थ्य, सञ्चार आदिबाट पनि ठगिएको ठाउँ भन्ने चित्र हाम्रो सामु आउँछ। यस्ता प्राथमिक आवश्यकता-देखि ठगिएका धेरै ठाउँहरू छन् नेपालमा । ती स्थानहरूबाट काठमाडौं जति टाढा छ देशको आर्थिक-राजनीतिक परिप्रेक्ष्य र सम्बन्धित ठाउँबीचको दूरी त्योभन्दा कैयौं गुणा बढी छ। राजनीतिक विभेदको शिकार बनेका विकट क्षेत्रहरू जहीँतहीँ ओझेलमा पर्ने गरेका छन् । साथै सबैखाले सरकारको चासो काठमाडौंमा मात्र सीमित पाइन्छ ।

अगाडि चर्चा गरियो, छापामा गरिबीबारे घटनामुखी समाचार, योजना, बजेट र तथ्याङ्कमा आधारित समाचार/लेखहरूको बाहुल्य छ । सरकारजस्तै सञ्चार पनि काठमाडौं-केन्द्रित छ। सरकार र दातृ समूहले काठमाडौंमा तयार पारेका र प्रकाशन गरेका रिपोर्ट/दस्तावेज नै समाचारका प्रमुख स्रोत बन्ने गरेका छन् । त्यसैले दुर्गम ठाउँका समाचार र लेख मिडियामा पनि अप्राप्य छन् । छापामार्फत यी क्षेत्रहरूमा पहुँच बनाउन सकिएको छैन। यसको तात्पर्य विकट ठाउँबारे केही प्रकाशित हुँदैनन् भन्ने होइन । तर धेरै अवस्थामा पर्यटन (यसमा पनि रमणीय स्थान र यात्रा गर्दाको अनुभव); कामको लागि खाद्यान्न जस्ता विकासका कार्यक्रम; यातायातको समस्याले गर्दा कर्णालीमा खाद्यान्न सङ्कटको स्थिति; माओवादीको चहलपहल र आक्रमण भएमा ती घटना वा विषयवस्तु जोडिएर मात्र दुर्गम ठाउँहरू समाचारमा आउँछन् । यीबाहेक विकट क्षेत्रको जनजीवन, सामाजिक-आर्थिक अवस्था वा जीवनका अन्य विविध पक्षबारे विरलै पढ्न पाइन्छ जसले खस्कँदो गरिबीको अवस्थामा केही प्रकाश पारेको होस् ।

'कामको लागि खाद्यान्न' विश्व खाद्य कार्यक्रमले गरिबहरूसँग काम लिएर खाद्यान्न वितरण गर्न तयार पारिएको कार्यक्रम हो। विशेषगरेर कर्णाली क्षेत्रमा हिल्सा-सिमिकोट सडक निर्माणसँग गाँसिएर कर्णालीबारे *कान्तिपुर*मा धेरै समाचार प्रकाशित छन्। यसले गर्दा कर्णाली क्षेत्रले *कान्तिपुर*मा राम्रो उपस्थिति जनाएको छ । योबाहेक सरकारले कर्णाली क्षेत्रमा प्रदान गरेको खाद्यान्न सहुलियतबारे पनि केही समाचार प्रकाशित छन्। यातायात अवरोध वा अनिकाल

हुँदा ठूलठूला समाचार बन्नुदेखि सम्पादकीयमा समेत यो विषयले स्थान पाएको छ। तर कर्णाली, नुन र खाद्यान्नइतरका विषय र अन्य विकट क्षेत्रहरूका समाचार छापामा उतिसारो पाइन्न । त्यसैले पत्रपत्रिकाको भरमा मात्र दुर्गम क्षेत्रको जानकारी हासिल गर्नु अपूरो हुन्छ ।

*नेपाल*मा पनि दुर्गम क्षेत्रका समाचारले केही स्थान बनाएका छन् । यीमध्ये अधिकांश सामग्री 'मोफसल' खण्डअन्तर्गत छोटो समाचार बनेर आएका छन् । सङ्ख्यात्मक हिसाबमा दुर्गम क्षेत्रको समाचारको उपस्थिति *नेपाल*मा राम्रो छ । तर समाचारको गुणात्मक पक्ष वा गरिबीको बहसलाई गति दिनमा यी सामग्रीको भूमिका खासै छैन । यी समाचारले गरिबीका विभिन्न सवाललाई कोट्टयाएका मात्र छन् । गरिबीको गुदीसम्म पुग्न, राम्रो विश्लेषण वा विभिन्न तवरले वास्तविकतालाई व्यापक बनाउन चुकेका छन् । हेरौं *नेपाल*मा छापिएका केही सामग्रीः

> विपन्न वर्गलाई लक्षित गरिएको सामाजिक परिचालन कार्यक्रमको एक लाख ५० हजार रुपियाँको रकमबाट दुई वर्षअघि व्याडमिन्टन कोर्ट बनाइयो । विपन्न वर्गलाई लक्षित कार्यक्रमको रकमबाट व्याडमिन्टन कोर्ट बनाइएकाले सो कार्यको आलोचना पनि भयो । तर, अहिले सोही व्याडमिन्टन कोर्टलाई भत्काएर ३५ लाख रुपियाँको लागतमा सिटीहल बनाउन थालिएको छ । पाँचथरका सांसद वसन्तकुमार नेम्वाङ, डम्बरसिंह साम्बाहम्फे र अइन्द्रविक्रम थाम्सुहाङले सांसद विकास कोषबाट उपलब्ध गराएको रकम र जिविसको आन्तरिक स्रोतबाट सिटीहल निर्माण गर्न लागिएको जिविसले बताएको छ ।
>
> यसरी जिविसले दुई वर्षअघि मात्र बनाएको व्याडमिन्टन कोर्ट भत्काएर सिटी हल बनाएकोले सो कार्यमा कमिसनको खेल भएको आशङ्का स्थानीय बासिन्दाले गरेका छन् । पूर्वमन्त्री पद्मसुन्दर लावती पनि सिटीहल अन्यत्र नै बनाएको भए राम्रो हुने कुरा बताउँछन् (सुवेदी २०५९: १३) ।

> राणाकालीन अवस्थामा निर्मित शताब्दी नाघिसकेको दैलेख (पुरानोबजार)को कारागारमा रहेका कैदीसँग सुरक्षाकर्मीहरू वर्षात मौसमका ४ महिना रातभर सुत्दैनन् । छाना भत्केको जीर्ण र साँघुरो छानामुनिको चोकमा १६ जना थुनुवा र कैदीहरूमध्ये चार जना विशेष अदालतको सुनुवाइ हुनुपर्ने बन्दीहरू कारागारमा स्थान अभावकै कारण जिल्ला प्रहरीकै हिरासतमा कारागारकै रासन खाएर बसेका छन् ।
>
> कारागार व्यवस्थापन विभागसँग छाना मर्मत, चर्पी, विद्युत वायरिङ, सुरक्षाकर्मीहरू र बासिन्दाहरूका लागि सुत्ने खाट व्यवस्था गर्न रकम निकासा माग गरेको धेरै वर्ष भए पनि कुनै सुनुवाई नभएको जिल्लास्थित कारागार शाखाले जनाएको छ । विद्युतको वक्यौता महसुल ९० हजार पुगिसकेको छ । 'सुरक्षाकर्मीहरू सुत्न बस्नमात्र होइन, कार्यालयका आवश्यक सामग्रीहरू राख्न-समेत निकै साँघुरो छ,' शाखाप्रमुख वीरेन्द्र अधिकारी बताउँछन् ।

> चर्पीको सेफ्टीटचाङ्की भरिएर सफा गर्न बारम्बार कारागार प्रशासनलाई गुहार्दा पनि वास्ता नगरिएको बताउँदै कारागारका एक जना नाइके भन्छन्, 'वर्षातमा त झन् रातो माटो मिसिएको पानीसँगै बिच्छीले टोकेर रातभर सुत्न दिँदैन, मच्छड त सामान्य भइहाल्यो ।'
>
> नेपालगञ्ज कारागारबाट सरुवा भइआएका कालीकोट ओदानकु २, ओदा निवासी कैदी हर्कबहादुर सिंहले आफूले नेपालगञ्ज कारागारमा सिकेको सीप अन्य बन्दीहरूलाई सिकाउने गरेका छन् । केही काठपात सफा गरी स्थानीय सिकर्मीहरूको सहयोगमा हर्कबहादुरले घरेलु तानमा ढाकाटोपी र कालो ऊनको भादगाउँले टोपी बुन्न सबैलाई निःशुल्क प्रशिक्षण दिन थालेपछि उनको दिनचर्या पनि कारागारमा सहजै बित्ने गरेको छ (राठौर २०५९: १०) ।

पहिलो उदाहरण 'बनाउँदै भत्काउँदै' र दोस्रो 'दैलेख कारागारको अवस्था' शीर्षकमा प्रकाशित समाचार हो । पहिलो उदाहरणमा विपन्न वर्गलाई लक्षित कार्यक्रमको रकम कोर्ट र सिटीहल बनाउनमा खर्च हुनुपर्थ्यो कि सोही पैसालाई फिदिमका विपन्नहरूको अन्य अतिआवश्यक क्षेत्रमा लगानी गर्न सकिन्थ्यो भनेर मजाको समाचार बनाउन सकिन्छ। साथै आर्थिक अनियमिता भएको गाउँलेहरू भन्छन् भनेर समाचारमा लेखिएको छ। समाचार आर्थिक घोटाला भए-नभएको खोजबीन गरेर पनि तयार गर्न सकिन्थ्यो। तर यसतर्फ पछिल्ला अङ्कमा पनि केही लेखिएको छैन ।

दोस्रो उदाहरणमा कारागारको भौतिक स्थिति नाजुक भएको तथ्यलाई प्राथमिकता दिइएको छ। तर अवस्था किन यति दारुण छ र सरकारले वर्षौंदेखि कारागारको आवश्यक बजेट किन निकासा गरिरहेको छैन भनेर गहकिलो समाचार तयार पार्न सकिन्थ्यो । प्रस्तुत समाचारको अन्तिम अनुच्छेदमा एकाएक कैदीहरूको दिनचर्या कस्तो छ भन्ने विषयले प्रवेश गर्छ । यसमा उनीहरूले रचनात्मक काममा समय लगाएको स्पष्ट देखिन्छ। यही विषयमा पनि कारागारको व्यवस्थापनलाई जोडेर अलि गतिलो समाचार बनाउन सकिन्थ्यो । तर यस्तो भएको छैन। दुवै समाचार केवल जानकारी दिने किसिमबाट मात्र तयार गरिएका छन् । विषय र वस्तुस्थितिलाई अलि व्यापकता दिने पक्ष ओझेलमा परेको छ ।

*नेपाल*मा लामा समाचार/लेख नभएका होइनन् । उत्तरपूर्व नेपालको दुर्गम पहाडी भेग र तिब्बतसँगको सीमा– किमाथाङ्गासम्बन्धी आवरणकथा (दिनेश वाग्ले २०५८क, २०५८ख, निरौला २०५८) एउटा उदाहरण हो । यो लेखमा अमेरिकामा भएको सेप्टेम्बर ११ को घटनापछि नेपाल-तिब्बतको सीमा क्षेत्रको जनजीवनमा कस्तो प्रभाव परेको छ भन्ने विषयमा व्याख्या गरिएको छ । तर आवरणकथा बनेको यो लेख धेरै पक्षबाट कमजोर छ । पहिलो, यसमा प्रकाशित चारवटा लेख तयार गर्ने क्रममा सम्पादक र सम्वाद-दाताहरूबीच विषयवस्तुलाई लिएर छलफल र समन्वय नभएको तथ्य लेखको स्तरबाट स्पष्ट

हुन्छ । दोस्रो, यी लेखहरूमा कुराहरू पटकपटक दोहोरिएका छन् । यसले *नेपाल*मा 'कपिएडिट'को समस्या रहेको छर्लङ्गिन्छ । सामग्री उत्पादन गर्न दैनिक र साप्ताहिकभन्दा पाक्षिकमा बढी समय हुन्छ । तर *नेपाल* पाक्षिकमा राम्ररी सम्पादन नगरी न्यूनस्तरको र फितलो सामग्री प्रकाशित हुनु राम्रो स्थिति होइन । छापामा प्रकाशित सामग्रीलाई लिएर यस्ता फितलो लेखनको लामै सूची तयार गर्न सकिन्छ भने राम्रो सामग्रीको अभाव छ ।

*हिमाल*ले रोल्पा, रुकुम, जाजरकोटको आवरणकथा छापेको छ । सङ्कट-कालको समयमा यी क्षेत्रहरू कति खल्बलिएको रहेछ भन्ने पक्षबाट यस अङ्कमा दुइटा लेख परेका छन् (खनाल २०५९, दीक्षित २०५९) । सरकार र माओवादीको चेपमा यी क्षेत्र कसरी ग्रसित छन्, सङ्कटकाल र आवतजावतमा सृजना भएको कठिनाइले विभिन्न चिजबिज र खाद्य सामग्रीको भाउ कसरी अचाक्ली बढेको छ, आदि पक्षमा यी दुवै लेख केन्द्रित छन् । सङ्कटकाल चलिरहेको समय माओवादीको प्रभावित इलाकामा गएर स्थलगत रिपोर्ट तयार गर्नु आफैंमा राम्रो पक्ष हो । ती क्षेत्रका मानिसहरूको आवाज, भोगाइ वा निरीहपनलाई मुखर बनाउनुभन्दा पनि त्यहाँको माओवादी गतिविधि र सरकारी कार्वाहीलाई चित्रण गर्ने प्रयास यी लेखमा भएका छन् । देशको सुदूर कुनामा रहेका ठाउँहरूले पत्रिकामा ठूलो स्थान पाउनु माओवादी विद्रोहीको ती क्षेत्रमा भएको सक्रियताको भूमिका छ । अन्यथा दुर्गम नेपालको विषय-वस्तु छापामा पाउन गाह्रो छ । जहाँतहीँ काठमाडौं र राजनीति छ छापामा । त्यसपछि बाहिरका केही प्रमुख शहरहरू र सदरमुकाम, मात्र सदरमुकाम समाचार बन्छन् । त्यो पनि यदाकदा मात्र । सदरमुकामभन्दा भित्रका ठाउँहरूको समाचार वा लेख निकै दुर्लभ छन् । काठमाडौंसँग जति परपर हुँदै गयो, जति भौगोलिक दूरी बढ्दै गयो ती ठाउँबारे छापामा त्यति नै कम सामग्री आएको देखिन्छ । कर्णालीजस्ता केही अपवाद क्षेत्रलाई छोडेर पत्रपत्रिकामा देखिएको दुर्गम क्षेत्रको विषयवस्तुले यही वास्तविकतालाई प्रष्टचाएको छ । काठमाडौं- बाहिरका सम्वाददातासँगको अनौपचारिक कुराकानीमा उनीहरू गुनासो गर्छन्: "हामीले पत्रिकामा पठाएका सामग्रीमध्ये थोरै मात्र प्रकाशित हुन्छन् ।" किन दुर्गम क्षेत्रका विषयवस्तुले मिडियामा स्थान पाउन्नन् भनेर केलाउँदा मोटामोटी दुइटा कारण इङ्गित गर्न सकिन्छ । पहिलो, काठमाडौंका पत्रपत्रिकाहरू सबैजसो नै आफूलाई राष्ट्रियस्तरको भनेर चिनाउँछन् । राष्ट्रियस्तरको पत्रिकामा बृहत् चासो र ओज भएका समाचारले मात्र स्थान पाउनु स्वाभाविक हो भन्ने ठहर पत्रिकासँग सम्बन्धित व्यक्तिहरूको छ । त्यसबाहेक, देशभरि छरिएर रहेका सबै सम्वाददाताहरूमा स्थानीय घटना, जनजीवन जस्ता विषयलाई राष्ट्रिय चासोको समाचारमा परिणत गर्ने सीप वा ज्ञान नहुन सक्छ । साथै ती सम्वाददाताहरूले आफू संलग्न रहेको पत्रिकामा कसरी स्थानीय विषय-वस्तुलाई राष्ट्रियस्तरको समाचार बनाउने भनेर तालिम पनि पाएका हुँदैनन् । यसले गर्दा

धेरै अवस्थामा स्थानीय विषयवस्तुलाई सबैको रुचिको विषय बनाएर समाचार बनाउने कठिन चुनौती सम्वाददाताहरूमा छ । यस्तो स्थितिमा सम्वाददाताहरूको मुश्किललाई सहज बनाउनु सम्पादकहरू (समाचार सम्पादक, डेस्क सम्पादक, सम्बन्धित पृष्ठ हेर्ने सम्पादक, प्रधान सम्पादक आदि)को काम त हो तर उनीहरूबाट यी कार्यहरू प्रभावकारी रूपमा भइरहेको देखिँदैन ।

दोस्रो, प्रकाशन गृहहरूसँग पनि कुनै त्यस्तो कार्यक्रम छैन जसले यो सवाललाई पहिचान गरोस् अनि मानवीय स्रोतमा लगानी गरोस् । यसतर्फ प्रकाशन गृहहरूले समयमै ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । बाहिरका सम्वाददातालाई आलोपालो गरी काठमाडौं ल्याएर सम्पादन कक्षमा केही महिनाको तालिम दिनु एउटा उपाय हुनसक्छ । यसले दुर्गम क्षेत्रको समाचार र गुणको सङ्ख्यामा वृद्धि हुने सम्भावना रहन्छ । पत्रकार र पत्रिकालाई सहयोग पुग्ने निश्चित छ । यसरी धेरै क्षेत्र र विषयमा रिपोर्टिङको दायरा अलि व्यापक र फराकिलो बन्न सक्छ । यस्तो भएमा मिडियाको पहुँच र विषयवस्तुको दृष्टिकोणबाट केही नयाँ पक्षहरू उजागर गर्ने सम्भावना पनि जीवित रहन्छ ।

हुन त विकास पत्रकारिताको अवधारणालाई बढावा दिन २०२९ सालमा नै 'हाम्रो गाउँघर' शीर्षकअन्तर्गत *गोरखापत्र*ले कुनाकाप्चाका समाचार समावेश गर्दै आएको हो (विष्ट सन् २००१) । यही कारण पनि नेपाली सामाजमा विकास पत्रकारिता र ग्रामीण पत्रकारिता एक-अर्काका पर्यायवाची भए । विकास पत्रकारिता नेपाल भित्रिंदाका वर्षहरूमा *गोरखापत्र* र *राइजिङ नेपाल* नै प्रमुख पत्रिका थिए । २०५० सालभन्दा अघिसम्म विकास पत्रकारिताको अवधारणा- लाई यी दुई पत्रिकाले नै डोऱ्याउँदै आएका हुन् । वैशाख २०५१ मा पाल्पाबाट *देउराली साप्ताहिक* निस्केयता नेपालमा ग्रामीण पत्रकारिताले नयाँ रूप लिएको हो । यसले गाउँघरको सम्पूर्ण आर्थिक, सामाजिक र सांस्कृतिक परिवेश स्थानीय रुचिअनुसार त्यहाँको जीवन सपार्न पत्रिकाको विषयवस्तु बन्यो (वन्त २०५३) । *देउराली*को सफलताबाट प्रेरित भएर २०५२ सालमा *गाउँघर साप्ताहिक* र *ग्रामीण समाचारपत्र* जस्ता पत्रिकाहरू पनि प्रकाशित भए । साथै २०५३ सालमा खोटाङबाट *मध्यान्तर* नामक पन्ध्रदिने खबरपत्रिका पनि निस्कियो । यी ग्रामीण पत्रिकाको प्रभावका कारण मूलधारका *कान्तिपुर, नेपाल समाचारपत्र*लगायतका दैनिक पत्रिकाले पनि विकास पत्रकारिताको अवधारणमा मद्दत पुऱ्याए (विष्ट सन् २००१) । *कान्तिपुर*मा विभिन्न ग्रामीण विषयवस्तुको क्रमिक वृद्धिसँगै कृषक पाना पनि प्रारम्भ भयो । यति हुँदाहुँदै पनि नेपालको कुना कन्दराका विषयहरू पाखा लागेको अनुभव गर्न सकिन्छ । प्रारम्भका वर्षहरूदेखि आजसम्म पनि विकास पत्रकारितामा अनुभवी पत्रकारहरूको कमी छ । यो नै प्रमुख बिट बनेर मूलधारका पत्रिकाहरूमा छाउन सकेको छैन । फलस्वरूप विकास पत्रकारितालाई सबल बनाउनु गरिबीले ओतप्रोत ग्रामीण क्षेत्रहरूमा परिवर्तन ल्याउनु हो भन्ने मान्यता

थियो (कोइराला २०३३)। शुरुका वर्षहरूमा रहेको यो मान्यता करिब ३० वर्षपछि पनि केवल आस्थाको सवाल मात्र बनेको छ।

## *सामाजिक वस्तुस्थिति र अल्पसङ्ख्यकको उपस्थिति*

बितेको दशकमा महिला, दलित या जनजाति आन्दोलन जस्ता सामाजिक आन्दोलनले ठूलै गति लिएको छ। अनि २०५७ सालको प्रारम्भदेखि कमैया आन्दोलनको चहलपहल पनि निकै बढेको हो। समाजमा यी आन्दोलनहरू गतिशील भएकै कारण मिडियामा पनि यी विषयवस्तुले निरन्तर उपस्थिति बनाउने गरेका छन्। छरिएर रहेको समूह र पहुँचको दृष्टिकोणबाट अल्प-सङ्ख्यक वर्गहरूको विषयमा मुक्त कमैया र महिलाले पाएको स्थान तुलनात्मक रूपमा दलित र जनजातिको भन्दा राम्रो छ। तर एकदम उत्साहवर्धक भने अवश्य होइन। अर्कोतर्फ मधेसी, मुसलमान र उच्च तथा पहुँचवाला भनिएका बाहुन, क्षेत्री र नेवार भित्रका गरिबहरूको मिडियामा खासै उपस्थिति पाइँदैन।

२०५७ सालको प्रारम्भतिर कमैयाका सवाललाई देशव्यापी बनाउन र आन्दोलनलाई टेवा पुऱ्याउन मिडियाले महत्वपूर्ण भूमिका खेलेको थियो। पत्रपत्रिकामा कमैया मुक्ति आन्दोलनसम्बन्धी धेरै नै समाचार र लेखहरू छापिए। कमैया स्वतन्त्रताको पहिलो वर्षका पत्रपत्रिकाका सामग्रीहरू मुक्तिको खुशियाली र सँगसँगै कमैयाहरूको न्यूनस्तरको जीवन र दिनचर्यामा बढी केन्द्रित छन्। कमैयाहरूका समस्या मुक्तिको पहिलो वर्षमा नै किनारा नलाग्नुमा गैरसरकारी संस्था र दातृसंस्थाहरूबीचको असमझदारी र आपसी मनमुटाव प्रमुख कारण थियो। साथै सरकारको अपरिपक्व निर्णय र सामाजिक कार्य-कर्ताहरूको कमजोर योजनाको पनि छापामा प्रशस्तै आलोचना भएको पाइन्छ (सुवेदी २०५७, ह्वाइट २०५७, भण्डारी २०५७)। मुक्तिपछि कमैया उत्थानको नाममा कामको लागि खाद्यान्न कार्यक्रम, शिविरका बालबच्चाहरूको लागि शिक्षालगायतका विभिन्न कार्यक्रमहरू प्रारम्भ भए। सरकारले भूमिहीन कमैयाहरूको लागि जमिन उपलब्ध गराउने घोषणा गरेको थियो तर त्यो त्यति प्रभावकारी हुन सकेको छैन (थापा २०५८)। त्यसैले जमिन पाउने कमैयाहरूको सङ्ख्या सानो छ।

अध्ययनको यो समयावधिमा विशेष गरी *कान्तिपुर*मा प्रकाशित अधिकांश समाचारहरू खाद्यान्न र जग्गा वितरणमा भएका अनियमितता र घोटालामा केन्द्रित छन् (रिजाल २०५८ख, घिमिरे २०५९)। मिडियामा प्रकाशित यी अनियमितता र घोटालाका कथाहरू पत्रकार वा प्रकाशन गृहको सक्रिय खोजबाट आएका होइनन् (रिजाल २०५८क)। यी सबै अनियमित अभ्यासलाई अन्य छानबिन समिति र स्रोतले उदाङ्ग पारेपछि पत्रपत्रिकाहरू सूचना दिने माध्यम मात्र भएका छन्। फलस्वरूप यही समाचार अलि बृहत् जनमानससमा पुऱ्याउन सञ्चारले महत्वपूर्ण भूमिका खेलिरहेछ। जसमध्ये छापा पनि एक हो। तर दिनप्रतिदिन अन्योल, विवश र दुष्कर बन्दै गएको मुक्त कमैयाको स्थितिलाई सही

मार्ग दिन र त्यसमा सक्रिय रहेका विभिन्न पक्षलाई झक्झक्याउन मिडियाले प्रभावकारी भूमिका खेलिरहेको छैन ।

*कान्तिपुर* र *गोरखापत्र*ले मुक्त कमैयाको विषयवस्तुलाई राम्रै प्राथमिकता दिएर प्रकाशन गरे पनि अन्य सबै पत्रिकाको हकमा यो लागू हुँदैन । अध्ययनको समयावधिमा *देशान्तर*मा केवल एउटा र *नेपाल*मा दुइटा सामग्री प्रकाशित छन् (बोहरा २०५८, फुयाँल २०५८, लामिछाने २०५९) । *जनएकता, हिमाल* र *मूल्याङ्कन*मा शून्य छ मुक्त-कमैयाको उपस्थिति । कमैया आन्दोलनले चरम गति लिएको समयमा *विकास*ले आवरणकथा प्रकाशन गरेको थियो । तर अध्ययनमा परेका अङ्कहरूमा केवल एउटा मात्र लेख प्रकाशित छ । समस्या जति नै जटिल होस् त्यसले विकराल स्थिति वा ठूलो घटना नबनाएसम्म दैनिक, साप्ताहिक, पाक्षिक वा मासिकमा स्थान पाउँदैन भन्ने पुष्टि प्रकाशित विषयवस्तुले राम्रोसँग गर्छ ।

मुक्त-कमैयाको तुलनामा अलि पृथक छ महिलाको वस्तुस्थिति । मुक्त कमैयाहरूको जीवनस्तर नाजुक र दयनीय भएकोले त्यस विषयमा प्रकाशित सबै सामग्री गरिबीभित्र पर्छन् । तर महिला वा अन्य धेरैका हकमा त्यो लागू हुँदैन । त्यसैले गरिबीको पक्षबाट महिलाको विषयवस्तुको व्याख्या गर्दा पहिला महिलाको विषयमा के के लेखिन्छ भनेर बुझ्नु अनिवार्य हुन्छ । त्यसपछि यी विषयवस्तु भित्र गरिब महिला र गरिबीलाई प्रमुख सवाल बनाएर के कति लेखिएको छ भन्ने प्रश्न आउँछ । महिला-केन्द्रित अधिकांश सामग्रीहरू महिला अधिकार, अधिकारका कानूनी पक्षहरू, महिलाविरुद्धको हिंसा जस्ता सवालमा केन्द्रित छन् । महिला बेचबिखन, महिला स्वास्थ्य, व्यवसायिक र पारिवारिक जीवनस्तर, आर्थिक-सामाजिक स्थितिसँग गाँसिएका महिलाका दिनचर्या र न्यूनस्तरको जीवन आदि विषयमा तुलनात्मक रूपमा कम लेखिन्छ ।[९] यी न्यून लेखिने पक्षसँग गरिबीको सम्बन्ध भने अलि बढी छ । साथै जे-जति लेखिन्छ त्यसमा पनि गरिबी केन्द्रविन्दु हुने गर्दैन । अर्थात् ती समस्या र विषयवस्तुको गहन विश्लेषण र खोज पनि हुने गर्दैन । त्यसैले महिलाहरूको वस्तुस्थिति र विभिन्न समस्या साथै गरिबीबीचको सम्बन्ध गहिरो भएपनि यी पक्षहरूलाई समेटेर समाचार र लेखहरू थोरै नै लेखिएको छ ।

पश्चिमका वादी महिलाहरूको सामाजिक जीवन, महिला स्वास्थ्य र गरिबीलगायतका विषयबारे पनि यदाकदा छापामा सामग्री देखिन्छन् । तर यस्ता सामग्रीको सङ्ख्या तुलनात्मक रूपमा सानो छ । महिला उत्थानमा हुने गरेको स-साना प्रयासहरू, विभिन्न क्षेत्रका महिलाहरूले भोग्ने गरेका समस्या वा हासिल गरेका सानातिना उपलब्धिले मिडियामा खासै स्थान पाउँदैनन् । धेरै सामग्रीहरू

[९] टेम्पो चलाउने पेशा अपनाएका काठमाडौं उपत्यकाका महिलाहरूबारे छापिएका मिडिया सामग्रीको विश्लेषणका लागि यसै पुस्तकको रमेश पराजुलीको लेख हेर्नुहोस् ।

समग्रमा महिला अधिकारका पक्षमा अन्तर्राष्ट्रिय सम्मेलनहरूलाई आधार बनाउँदै सम्पूर्ण स्वतन्त्रतालाई ध्यानमा राखेर लेखिएको हुन्छ । *कान्तिपुर*मा 'अरू पनि लेखिनुपर्छ काँडेघारीको यात्रा' शीर्षकको लेख प्रकाशित छ (थापा २०५९)। लेखमा कविता पौडेलको *काँडेघारीको यात्रा* पुस्तकमाथि टिप्पणी गर्दै महिलाका कष्ट, हण्डर र सङ्घर्षको कथा धेरै लेखिनु पर्छ भन्ने आग्रह छ । थापाले भनेझैं सूक्ष्म कुराहरूलाई महत्व दिने लेखको सङ्ख्या बढ्नु जरुरी छ। नत्र 'अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस एक चर्चा' शीर्षकमा *जनएकता*मा प्रकाशित बढी नारा र कम गुह्य भएका लेखहरूले छापामा निरन्तर प्रभुत्व जमाइराख्छन् ( विशङ्के २०५८) ।

*विकास*लाई हेर्ने हो भने यसमा अन्य समूहको तुलनामा दलितको विषय-वस्तुले बढी स्थान पाएको छ । दलित अधिकार र मुक्तिको विषयवस्तुले *विकास*का अधिकांश अङ्कमा स्थान पाएका छन् । यसको एउटा कारण *विकास*को प्रकाशक आत्मनिर्भर विकास मञ्चको मुख्य कार्य-क्षेत्र दलित उत्थान भएकोले पनि हो । *हिमाल* र *नेपाल* खबरपत्रिका भएकाले यी दुवै पत्रिकामा 'न्यूजसेन्स' भएका घटना वा विषय र विशेषगरेर राजनीतिसँग सम्बन्धित विचार साथै विश्लेषणात्मक लेखले बढी स्थान पाउँछन् । त्यसैले दलित समूहको विषय-वस्तुमा केन्द्रित फिचर र जीवनशैलीले उल्लेख्य स्थान पाउने गरेको छैन । तर *हिमाल*मा सामूहिक सहभोज, मन्दिर प्रवेशलगायतका केही सन्दर्भमा दलितका विषयले स्थान भने पाएको छ । महिला र मुक्त कमैयाको विषयवस्तुमा यी दुवै पत्रिकामा अध्ययनको समयमा फाट्टफुट्ट सामग्री आए पनि ती समूह र गरिबीबीचको अन्तर्सम्बन्धलाई केन्द्रबिन्दु बनाएर उल्लेख्य केही लेखिएको छैन ।

जनजातिको विषयवस्तु पनि बेलाबेला समाचार त बन्छन् तर तिनको सङ्ख्या निकै कम छ। निश्चित अवधिका विभिन्न पत्रिकामा जनजातिका विषयमा छापिएका सामग्रीबारे कुमार यात्रु (सन् २०००)ले गरेको अध्ययनमा सो समूहको समाचार सम्पूर्ण प्रकाशित समाचारमध्ये केवल ०.८५ प्रतिशत रहेको तथ्य यसअघि नै उल्लेख गरिसकिएको छ। २०५७ सालमा तीन दैनिक, १७ साप्ताहिक र पाँच म्यागजिनहरूलाई आधार बनाएर शेखर पराजुली (२०५८)ले जनजातिको विषयमा गरेको अध्ययनमा भनिएको छ, "जनजातिका समाचार र लेखहरू धेरै थोरै आउने गरेका छन्। जेजति आएका छन् ती पनि बढी भित्री पृष्ठको कुनै कुनामा छापिएका छन् । प्रकाशित सामग्री औपचारिक कार्यक्रमबारे हुँदा मूल विषयलाई गौण बनाउँदै कार्यक्रमको अतिथि र उसले बोलेको कुरालाई प्राथमिकता दिने गरेको छ ।" समग्र जनजातिको विषयमा आउने सामग्रीको अवस्था यस्तो नाजुक भएको अवस्थामा जनजातिभित्र पनि प्रभाव पार्न असफल र किनारा लागाइएका स-साना जातिको छापामा कस्तो उपस्थिति होला अनुमान गर्न सकिन्छ। यी दुवै अध्ययन करिब दुई वर्ष पहिलेका हुन् । यसबीचको अवधिमा पत्रपत्रिकाको सङ्ख्या बढेपनि जनजातिको विषय-वस्तुलाई

हेर्ने प्रवृत्ति र यसले पाउने स्थानमा खासै सुधार भएको छैन । २०५९ माघमा 'आदिवासी तथा जनजाति र मिडिया' शीर्षकमा मिडिया सर्भिसेज् इन्टरनेसनल (एमएसआई)ले गरेको छलफलमा सहभागी धेरै सञ्चारकर्मीका गुनासा पनि उही थिए । पहिलो, यो विषय पत्रिकाको प्राथमिकताक्रममा ज्यादै तल पर्छ । दोस्रो, औपचारिक कार्यक्रमबाहेक यसले समाचार बनाउन सकेको छैन । तेस्रो, छापिएका समाचार पनि भित्री पृष्ठको कुनै कुनामा आउनाले यसको प्रत्यक्षता र प्रभुत्व दुवै नगण्य छ ।

यसरी जनजातिको समाचारले पाउने स्थान नै कम भएको अवस्थामा यो विषयवस्तुभित्र गरिबीलाई मूल सार बनाएर विरलै समाचार छापिन्छन् । गरिबीसँग जोडेर यो अवधिमा जे जति समाचार आएको छ त्यसमा प्रजा, राउटे जस्ता लोपोन्मुख जातिको उपस्थिति उल्लेख्य देखिन्छ। सम्भवतः गुफा र जङ्गलमा बसोबास गर्नु अहिलेको समयमा आश्यर्च लाग्ने वास्तविकता हो । साथै यी जातिहरू पहिचान गर्न सजिलो छ, जीवन पद्धति फरक छ, सबै पक्षबाट गरिब रहनु सिवाय उनीहरूको अर्को उपाय छैन । एकातर्फ यिनीहरूको जीवन अति नै कष्टप्रद र खराब स्थितिमा छ । अर्कोतर्फ विषयवस्तुमा यसले नौलोपन र विविधता पनि प्रदान गर्छ । साथै सामग्री उत्पादन गर्न सम्वाद-दातालाई त्यति गाह्रो पनि छैन । तसर्थ स्वाभाविक रूपमा, अन्य जनजातिको तुलनामा यिनीहरू 'बिक्रीयोग्य' विषय हुने नै भए । यी नै धेरैमध्येका केही प्रमुख कारण हुन् जहाँ प्रजा, राउटेलगायत अन्य निरीह जीवनस्तर भएका समूहले छापामा स्थान बनाउने गर्छन् । तर यस्ता समाचारहरू यिनीहरूको आर्थिक स्थिति बुझ्न सहायक छैनन् । बरु कतिपय अवस्थामा त विषय-वस्तुको गाम्भीर्यलाई गौण बनाएर फुर्सदमा मनोरञ्जन दिने ढङ्गले प्रस्तुत गरिएको हुन्छ । पराजुली (२०५८)ले गरेको विषयवस्तु विश्लेषणले पनि यही कुराको पुष्टि गरेको छ । पराजुलीले अध्ययन गरेको समयमा गरिबी र चेतनाको अभावमा जनजातिहरूको शिक्षामा पहुँच र सहभागिता नभएको तर्क गरिएका लेखहरू प्रकाशित भएपनि यो अध्ययनको समयमा निरपेक्ष जीवन बिताइरहेका अन्य जातजातिको समाचार/लेख गरिबीसँग त्यसरी गाँसिएर आएको छैन ।

दैनिकबाहेक अध्ययनमा परेका अन्य पत्रिकाको पनि अवस्था फरक छैन । पहिलो तथ्य त के हो भने यो अवधिमा गरिबीको वरिपरि घुम्ने जनजातिको सामग्री एकदमै अनुत्साहप्रद छ। *जनएकता* र *मूल्याङ्कन*मा जनजातिको विषयवस्तु शून्य छ । यो उदेकलाग्दो स्थिति हो । बहुलवादी समाजको अस्तित्व स्वीकार गर्ने साथै गरिब र निम्न वर्गको समूहको पक्षमा वकालत गर्ने नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र)को अघोषित मुखपत्र रहेको *जनएकता*ले आफ्नो पत्रिकामा पार्टीको नारा र घोषणाभन्दा फरक तथ्यको चित्रण गरेको छ । पार्टीको समाज परिवर्तन गर्ने नारा र पत्रिकाले गरिरहेको अभ्यासबीच ठूलो दूरी देखिन्छ । तल्लो वर्गका मानिस र गरिबले पत्रिकामा स्थान नपाउनुसाथै विषयवस्तुको पाटोबाट पनि अन्य

विचार र लेखहरू गरिब वा गरिबीमुखी नहुनुले पार्टीले दिने आश्वासन र कामबीचको तालमेल राम्रो छैन भन्ने देखाउँछ ।

*विकास*ले यो अवधिमा जनजातिसम्बन्धी दुइटा सामग्री प्रकाशित गरेको छ । दुवै लेख एकै अङ्कमा आएका र एउटै विषयमा केन्द्रित छन् । एउटा *नेपाली मिडियामा दलित तथा जनजाति* पुस्तकको समीक्षा (वर्तमान २०५८) हो भने अर्को प्रकाशनगृहमा जनजातिको उपस्थितिबारेको अनुसन्धानमूलक लेख हो (पराजुली र गौतम २०५८) । दुवै लेखको आधार *नेपाली मिडियामा दलित तथा जनजाति* पुस्तक हो । जनजातिको विषयवस्तु उत्पादन गर्नेतर्फ *विकास*ले पनि प्रयास गरेको देखिँदैन । *विकास*मा प्रकाशित यी दुवै लेख र समीक्षित पुस्तकले जनजातिको विषयले नगण्य र गौण प्राथमिकता पाएको छ भन्ने तथ्यलाई पुष्टि गर्छ । साथै मूलधारे सञ्चारमाध्यमहरूमा जनजाति, दलित वा महिलाको प्रतिनिधित्व र विषयवस्तुलाई व्यवस्थित र ठोस प्रकारले निश्चित दिशा प्रदान गर्ने कार्ययोजना वा लक्ष्य छैन भन्ने पुस्तकको ठहर छ (वन्त र पराजुली २०५८) ।

महिला होस् वा कमैया, दलित होस् वा जनजाति, यी 'थिम'मा गहकिलो बहस चलिरहेको छैन । छापामा निमुखा वा तल्लो वर्गकाहरूको आवाज मुखर भएर प्रतिनिधित्व गरिएको छैन । नेपाली समाज गरिब हुनुको वस्तुस्थिति र विषयवस्तुप्रति मिडियाको कुनै आकर्षण देखिँदैन । अर्थात् समाजमा निरन्तर चलिरहेको गरिबीको प्रक्रिया सन्सनीपूर्ण वा बिक्रीयोग्य विषय भएको छैन मिडियालाई । तर सँगसँगै यसको अर्को पाटो पनि छ । कतिपय अवस्थामा विषयवस्तुमा नौलोपन ल्याउन, विविधता प्रदान गर्न वा मनोरञ्जनको लागि पनि गरिबका सवालले छापामा स्थान पाउने गरेको छ। साथै गरिबलाई छापामा ठाउँ दिन मिडिया बाध्य भएको अवस्था पनि छ। सम्भवतः समय र परिस्थितिले यो विषयवस्तुलाई बिक्रीयोग्य र प्राथमिकतामा पनि बेलाबेला पार्ने गर्छ। धेरै सामग्री छन् जसले यो तर्कलाई पुष्टि गर्छ। केही प्रकरणलाई अघि सारेर हामी यसको चर्चा गर्न सक्छौं ।

कमैयाको विषयवस्तु एउटा राम्रो उदाहरण हो । पहिला, २०५७ सालको शुरुतिर पश्चिममा कमैया आन्दोलनले गति लियो त्यसपछि मात्र मिडियाले यो सवाललाई समावेश गर्‍यो। कमैया गतिविधि तात्तातो सवाल बन्यो। अहिलेसम्म पनि यो विषयवस्तु तातै छ। त्यसैले कमैया आन्दोलनले गति लिएको समयमा मिडियालाई यो विषयवस्तु समावेश गर्नु अनिवार्य भयो। फरक यत्ति हो, छापाले यो विषयलाई राम्रोसँग समावेश गर्‍यो ।[१०] गति पकडेको कमैया मुक्ति आन्दोलनलाई अझ बढी सनसनीपूर्ण बनाउनमा मिडियाले उल्लेख्य भूमिका

[१०] छापा सँगसँगै एफएम रेडियो, रेडियो नेपाल र नेपाल टेलिभिजनले पनि तत्कालीन आवश्यकता र महत्वअनुरूप यो विषयलाई राम्रैसँग समावेश गरेका थिए ।

खेल्यो । रमाइला फिचर र तस्वीरहरू प्रकाशनमा आए । अन्य धेरै कारणले गर्दा र मुक्तिपछिको जनजीवनलाई मनग्य कुराले प्रभावित गरिरहेकोले आज पनि यो विषयवस्तु बिक्रीयोग्य छ । तर कमैया आन्दोलनले पश्चिममा गति लिनुभन्दा पहिला यो विषय मिडियामा यसरी व्यापक बनेर छाएको थिएन जसले कमैयाहरूको जनजीवन र निरीहपनमा सुधार ल्याउन मद्दत पुगोस् । यहाँ फेरि मिडियाका प्रायः विषयवस्तु घटना-मुखी हुन्छन् भन्ने तर्क लागू हुन्छ । त्यसैले यदि घटना वा कुनै प्रकारको कार्यक्रम नहुने हो भने विषयवस्तु पनि कम हुन्छन् ।

दलित, जनजाति वा महिलाको प्रस्तुति पनि मुक्त कमैयाकोभन्दा पृथक छैन । दलितको समाचार त्यस समयमा बन्छ जब चमारले सिराहामा विद्रोह गर्छन्, जब कथित 'अछुत' भनिनेहरू 'छुत'हरूको मन्दिरमा प्रवेश गर्ने प्रयास गर्छन्, जब उच्च जाति भनाउँदाहरूसँग सहभोजको कार्यक्रम गरिन्छ । अर्थात् एक वा अर्को प्रकारले कुनै घटना घटेपछि वा कार्यक्रम आयोजना गरेपछि मात्र ती विषयवस्तु एकाएक देखा पर्छन् । प्रक्रिया नभएर मिडियामा आउने घटनामुखी समाचारहरूले उदाङ्गो पारेको एउटा यथार्थ के हो भने मिडियाले आफ्नो प्रयासमा राम्रो खोज गरेर समाजमा विद्यमान पीडा र समस्याहरूलाई बाहिर ल्याउन सकिरहेका छैनन् । समाजका यी भोगाइहरू यदाकदा हुने कुनै विस्फोटक घटनासँगै अकस्मात देखापर्छन् अनि फेरि अर्को दुर्घटना नहुन्जेल-लाई बिलाउँछन् ।

## दिशाविहीन छ गरिबीको बहस

माथिको विश्लेषणको आधारमा गरिबीबारे मिडियामा चलिरहेको बहसको अनुमान गर्न सकिन्छ । तथापि यो परिच्छेदमा केही समय अघिदेखिका गरिबी-बारेका छापासामग्री केलाएर वहसलाई चित्रण गर्ने प्रयास गरिएको छ ।

२०५५ सालमा *विकास*का दुई अङ्क गरिबीका विषयवस्तुले भरिएका थिए । दुई अङ्कमा गरी जम्मा ३२ वटा सामग्री यस विषयमा प्रकाशित थिए । गरिबीको नाममा विकासको राजनीति चलिरहेको छ; आयवृद्धि भएमा गरिबी निवारण हुन्छ, अर्थात् गरिबीलाई भौतिक साधनस्रोत, अर्थ र आधारभूत पूर्वाधार- सँगको सम्बन्धमा बढी हेरिन्छ जस्ता तर्क यी दुई अङ्कले अघि सारेका छन् । यसको मतलब विभिन्न सामाजिक पाटाबारे केही लेखिएको छैन भन्ने होइन । गरिबी सामाजिक-राजनीतिक सवाल हो भन्ने पनि प्रकाशित लेखहरूले स्वीकारेका छन् । हुम्लाको जनजीवन र भोकमरीसाथै हुम्लीहरूको शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा नपुगेको पहुँचबारे पनि लेखिएको छ । यीबाहेक अरू पनि लेखहरू छन् जहाँ आर्थिक सम्पन्नता मात्र गरिबीको अवधारणा होइन भनेर तर्क गरिएको छ । गरिबीको विभिन्न पक्षबारे राम्रो चर्चा गरिएको समाजशास्त्री चैतन्य मिश्रका दुइटा लेख पनि प्रकाशित छन् (मिश्र २०५५क, २०५५ख) । पहिलोमा हामी किन हरेक दिन गरिब हुँदैछौं भन्ने विश्लेषण गरिएको छ । दोस्रोमा समुदाय र

राजनीतिक सङ्गठनहरूले यो अवस्थामा गर्न सक्ने केही सम्भावनाहरूको व्याख्या छ ।

*विकास*ले झैं दुई अङ्कका सम्पूर्ण सामग्रीहरू गरिबीमा केन्द्रित गरेका म्यागेजिन विरलै पाइन्छन् । यो प्रशंसनीय कार्य त हो तर हामीले *विकास*को वितरण सीमित भएको तथ्य बिर्सनु हुँदैन । २०५५ सालमा, जतिखेर यी लेखहरू छापिएका थिए, *विकास*को सर्कुलेशन २,००० देखि २,५०० को बीचमा थियो । २०५९ सालसम्म पनि *विकास*को वितरण सङ्ख्यामा ठूलो अन्तर आएको थिएन । त्यसैले *विकास*को पहुँच र प्रभाव सीमित थियो भनेर स्वीकार्नु पर्छ। साथै विगतका धेरै वर्षमा 'गरिबी निवारणमा', भौतिक पूर्वाधार र विकासको संसारमा सरकारी, गैरसरकारी क्षेत्रबाट भएका प्रयास वा लगानीको आलोचनात्मक समीक्षा वा निश्चित र बृहत् योजनाबारे यी अङ्कहरूमा कुनै चर्चा छैन ।

गरिबीको अवधारणा, विकास, विचार र मिडियामा हुने गरेको अभ्यासले चार वर्षको अवधिमा कुनै फड्को मारिसकेको छैन। हो, दैनिक र पाक्षिक पत्रपत्रिकामा भएको वृद्धिसँगै विषयवस्तुको उपस्थिति र निरन्तरता बढेको छ। तर विषयवस्तुको गुणात्मक पक्षको अवस्था कस्तो छ त ?

हामी गरिब छौं, नितान्त गरिब । सबैलाई चेत भएको यही यथार्थलाई बृहत् सहमतिमा पुग्न यत्तिका वर्षदेखि मिडियाले पनि सहयोग पुऱ्याएको छ। तर हामी गरिब छौं भन्ने सत्यलाई स्वीकारेर गरिबी निवारण र विकास-सम्बन्धी के कस्ता अभ्यासहरू देशमा भइरहेका छन् ? सरकारले यो वस्तुस्थितिलाई राम्रो बनाउन के गरिरहेको छ ? समाजशास्त्रीहरूले यस क्षेत्रमा के गरिरहेका छन् ? गरिबी घटाउने सामाजिक प्रयासहरू कुन गतिमा बढिरहेका छन् ? गरिबीलाई कम गर्न विभिन्न समुदाय, सङ्गठन, समूह, व्यक्ति आदिले के गरिरहेका छन् ? यीलगायत विभिन्न यस्तै प्रकारका अभ्यास र प्रयासहरू छापामा प्रतिविम्बित छैनन् । केवल नेताको भाषण, गरिबीको विषयमा कुनै क्षेत्रीय र राष्ट्रिय भेला, 'गरिबी निवारण' को नाममा आयोजना गरिएको कुनै गोष्ठी वा सम्मेलन आदि घटनाहरूलाई स्थान दिनमा नै व्यस्त छ मिडिया । नेपाल गरिब छ भन्ने तथ्यलाई फेरि र फेरि पनि सहमतिमा पुऱ्याउँदै । यस्ता सहमतिमा पुऱ्याउने रिपोर्टिङ र त्यसको स्तरले माथिका प्रश्नहरूबारे जान्न खासै सघाएको छैन । अर्थात् गरिबीका सामग्रीले बहसलाई प्रवाहित गर्न सकेको छैन । मिडिया आफैँले हामी गरिब त छौं तर अब के गर्ने भन्ने प्रश्नलाई लिएर यो क्षेत्रका विभिन्न सूक्ष्म विषयवस्तुलाई उठाएको छैन । वास्तविकताको गहिराइसम्म पुगेर गरिबीको लेखलाई व्यापक र फराकिलो बनाउन छापाले सकेको छैन । यही कारण गरिबीको बहस निर्माण गर्न वा बहसलाई ठोस सहयोग पुऱ्याउने प्रकारका सामग्री छापामा फाट्टफुट्ट मात्र देखापर्छन् (पन्त २०५८, सैंजु २०५८, ओम गुरुङ २०५८) ।

राष्ट्रिय योजना आयोगका पञ्चवर्षीय योजना तथा आर्थिक वर्षको प्रारम्भमा हुने बजेट भाषण र कार्यक्रमहरू सम्भवतः गरिबी निवारणमा लक्षित

भएकाले पनि यसबारे धेरै लेखिएको हुनसक्छ । तर यी बहस गरिने क्रममा प्रायः जे जस्ता सामग्रीहरू लेखिन्छन् त्यसमा पनि धेरै समस्या छ । करिब हजार शब्दको लेखमा योजना आयोगले 'गरिबी निवारण' योजनाको तर्जुमा गऱ्यो देखि दसौं योजनामा के छ; वा दसौं योजनामा के छदेखि योजनामा भएका सबै प्रकारका गरिबी निवारणसम्बन्धी कार्यक्रमलाई प्रायः एउटै लेखमा चर्चा गर्ने प्रयास हुन्छ (भट्टराई २०५८, चालिसे २०५८) । साथै कतिपय अवस्थामा करिब हजार शब्दको लेखमा नै विभिन्न अर्थशास्त्री, योजनाकार वा नेताले गरिबी निवारण गर्ने उपायहरू लेखेर देश विकास गर्छन् । यी सामग्रीको प्रस्तुतिमा भूमिका लामो र सबैले जाने-बुझेको पृष्ठभूमि हुन्छ । अनि वास्तविक विचार चाहिं अन्तिम एक-दुई अनुच्छेदमा हराउँछन् (सुवेदी २०५८) । जुन अर्को दुःखद पक्ष हो । अर्थात् लेखहरूमा देखिएका कमजोर र फितलो प्रस्तुतिले विचार र तर्कलाई ओझेलमा पार्ने गरेका छन् ।

आर्थिक विकास र पञ्च वर्षीय योजनाबाहेक ग्रामीण विकास ब्याङ्क, गरिबीसँग मौलाएको वातावरणीय समस्या, अल्पसङ्ख्यकहरूको अपेक्षा र बजेट, बेरोजगारी समस्या र गरिबी, योजना र विकासका कार्यक्रममा भएका भ्रष्टाचारलगायतका विषयमा यदाकदा लेखिने गरे पनि यी विषयहरू बहसका रूपमा प्रवाह नहुनु अनुत्साहप्रद तथ्य हो । जब स्वास्थ्यको कुरा आउँछ हस्पिटल र औषधी मात्र विषयवस्तु बन्छ । जब शिक्षाको चर्चा हुन्छ हड्ताल, बन्द र यदाकदा स्कूल कलेज तथा पाठ्यसामग्री मात्र विषयवस्तु बन्छ । शैक्षिक वातावरण, शिक्षणपद्धति, विद्यार्थीहरूको सक्रिय संलग्नता, गरिबहरूको शिक्षामा पहुँच र अन्य शैक्षिक सवाल बहसको विषय बन्दैन । जब विश्व व्यापार सङ्गठनको कुरा आउँछ नेपालको आर्थिक विकास र व्यापार प्रवर्द्धनमा यसले के सहयोग पुऱ्याउँछ वा विश्व व्यापार सङ्गठनमा नेपालको सहभागिता कति प्रजातान्त्रिक हुन्छ भन्ने विषयले स्थान पाउँदैन । नेपालले विश्व व्यापार सङ्गठनमा जानु पर्छ कि पर्दैन भन्ने मात्र लेखको विषय बन्छ । सदस्य भइसकेपछि नेपालको गरिबीमाथि के कस्तो असर पर्छ भनेर छलफल वा बहस पनि हुने गर्दैन । गरिबीलाई प्रभाव पार्ने विभिन्न विषयका मूल पाटाहरू यसरी नै ओझेलमा पर्ने गरेका छन् ।

धेरै विशेषज्ञ र विद्वानहरू हजार शब्दको लेखमार्फत केवल अर्ती दिने कार्यमा अघि छन् । यही कारण थुप्रै अवस्थामा देशमा के भइरहेको छ भनेर पत्रपत्रिकाको सामग्रीले जानकारी दिँदैन । फलस्वरूप विकास, कृषि, व्यापार, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा गरिबी घटाउन वा निस्तेज पार्न के कस्ता कार्यक्रमहरू चलिरहेका छन् भनेर छापामा त्यसको प्रशंसा, आलोचना वा समीक्षाको मिहिन विश्लेषण देख्न पाइँदैन । साथै 'गरिबी हटाउन' गरिएका प्रयास र प्रतिबद्धताहरूको तुलनात्मक अध्ययन र विश्लेषण पनि भइरहेको छैन । 'गरिबी हटाउने' योजनाहरूमा भएको आर्थिक लगानी, मानवीय स्रोतको परिचालन आदि

पक्षहरूलाई आधार बनाएर 'गरिबी निवारण' को नारामा भइरहेका कार्ययोजनाको तुलनात्मक विश्लेषण गर्न सकिन्छ, जुन अहिलेसम्म भइरहेको छैन । नेपाली सामाजमा उठ्ने गरेका दान र चन्दाहरू कतिपय अवस्थामा सामाजिक उत्थानमा प्रयोग हुने गरेका भएपनि धर्मको नाममा नै चन्दाको प्रवाह बढी हुने गरेको छ । अर्थात् सामाजिक विकासमा सङ्कलित चन्दाले पहिलो त प्रचार-प्रसार पाएको छैन, दोस्रो गरिबीसँग जोडेर यस विषयमा त्यति लेखिएको छैन । 'गरिबी निवारण'को नाममा बितेको दशकमा नेपालमा मनग्गे विदेशी सहयोग भित्रिएको छ । मिडियाले यो पैसामाथि निगरानी राख्न सक्नु पर्ने हो तर त्यसो भएको छैन । त्यसैले नेपाली समाजमा गरिबी निवारण वा न्यूनीकरण गर्न के कस्ता स-साना र ठूला प्रयासहरू भइरहेछन् भनेर छापामार्फत ज्ञान पाउन कठिन छ । यसरी गरिबीको क्षेत्रमा बहसलाई सार्वजनिक गर्न वा गति दिन मिडिया असफल भएको छ ।

## अध्ययनको सार र सुझाव

गरिबीबारे नभए पनि मिडियामा महिला, दलित, राजनीति, वातावरणलगायत धेरै विषयको विषयवस्तु विश्लेषण भइसकेका छन् । ती अध्ययनहरूको मुख्य निष्कर्षहरू हुन्:

- औपचारिक र विवरणात्मक रिपोर्टिङमा बढी परिपक्व बन्दै गएको छ नेपाली प्रेस ।
- विषयवस्तुको गहिराइसम्म पुग्न नसक्नु र औपचारिक रिपोर्टिङमा सीमित रहनु नेपाली छापाको ठूलो कमजोरी हो ।
- विषयवस्तुको चौतर्फी प्रभाव र असरलाई लिएर प्रेसले गहकिलो रिपोर्टिङ कम गर्छ ।
- फलोअप रिपोर्टिङ धेरै अवसरमा गरिएको हुँदैन ।
- बाढी-प्रकोप व्यवस्थापन र वातावरण प्रदूषण जस्ता प्राविधिक विषयलाई सर्वसाधारणले बुझ्ने भाषामा प्रस्तुत गर्नुपर्ने भएकोले यस्ता विषयहरूमा त झन बढी कठिनाइ झेल्ने गर्छ मिडियाले ।
- तथ्यगत र अध्ययन अनुसन्धानमा आधारित खोजी पत्रकारिताको अभ्यास पनि ज्यादै कम छ । (वन्त, पराजुली र पराजुली २०५९)

उल्लिखित निष्कर्षहरूसँग यो अध्ययनका सार थुप्रै अवस्थामा मेल खान्छन् ।

धेरै विषयवस्तुसँग अन्तरसम्बन्ध छ गरिबीको । सबै किसिमबाट पछि परेको नेपाली समाजमा तथ्याङ्कहरूले प्रस्तुत गर्ने गरिबीको निरपेक्ष रेखाभन्दा अझ बढी छरिएका छन् गरिबीका निर्धारकहरू । यही कारण पनि प्रभावकारी र रचनात्मक तवरमा समाचार सम्प्रेषण गर्न पत्रपत्रिका चुकेको यथार्थ सामुन्ने छ । गरिबीको उपस्थिति मिडियामा कम हुनु प्राथमिकताक्रममा गरिबी गौण वा कम महत्वको

विषय हो भन्ने देखिन्छ। अर्कोतर्फ एकदम घटनामुखी छ छापा। तर नेपाली समाज गरिब हुनुको सिलसिला लामो छ। अनि जसरी समाजमा यो दरिद्रता जकडिएको छ त्यसलाई चिरफार गर्न घटनामुखी समाचार पर्याप्त हुँदैनन् । एकातिर गरिबीको सवाल अर्थतन्त्रको वरिपरि मात्र घुमिरहेको छ भने अर्कोतर्फ महत्वपूर्ण र गम्भीर विषयवस्तुहरूमा पनि सतही समाचार बढी प्रकाशन भइरहेका छन् । मिडियाले गहकिलो रूपमा न विषयवस्तुको प्रस्तुति गरिरहेको छ न असीम गरिबीको विभिन्न पाटाहरूमा खोजी समाचार नै प्रकाशन गरिरहेको छ। यसले छापाको समाचार प्रस्तुत गर्ने प्रवृत्ति र अभ्यासहरूमा कमी-कमजोरी छ भन्ने प्रमाणित गर्छ ।

गरिबीको विषयवस्तु ओझेलमा पर्नुका कारणहरू खोतल्न पत्रकारितामा मानवश्रममा हुने लगानी, विषयवस्तुको विविधता र गुणस्तरलाई विकास गर्न प्रकाशन गृहहरूले गरिरहेका प्रयासहरूबारे जान्न जरुरी हुन्छ । साथै दैनिक, साप्ताहिक, पाक्षिक वा मासिक प्रकाशनहरूको समयावधि सँगसँगै विषयवस्तुको महत्व, स्तर र प्रस्तुतिमा पनि फरक हुन्छ। यही पृथकताका कारणले नै बजेट भाषणबारे छापिने सामग्री *कान्तिपुर*मा घोषणाको समाचार र विवरण, *देशान्तर*मा विवरण र समाचार समीक्षा, *हिमाल* वा *मूल्याङ्कन*मा बजेट विश्लेषण बनेर आउँछन् ।

दैनिक पत्रिकाहरूमा सधैंको दौडादौड र कामको चाप हुनेगर्छ । यसले गहकिलो र विश्लेषणात्मक सामग्री उत्पादन गर्न र त्यसलाई विविधता दिन एक हदसम्म अड्चन सृजना गर्छ। त्यसबाहेक फलोअप रिपोर्टिङको अभाव र सधैं केही लेख्नुपर्ने बाध्यता हुन्छ। साथै सामूहिक रिपोर्टिङको अभ्यास पनि निकै कम पाइन्छ। गरिबी बृहत् र फैलिएको विषय हो भन्ने तथ्य स्पष्ट छ। त्यसैले आर्थिक पक्ष, पिछडिएका वर्ग, गाउँघरको जनजीवन, विकास, बजार र अर्थतन्त्र, वातावरण, अन्य सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य, वातावरण, आदि), जातीय संरचनालगायत धेरै रिपोर्टिङका बिटहरूको गरिबीसँग प्रत्यक्ष सम्बन्ध छ। यी विभिन्न बिट हेर्ने सम्वाददाताले यदि गरिबीको सवाललाई जोडेर महिनामा एउटा मात्र 'बाइलाइन' छाप्ने प्रतिबद्धता जनाउने हो भने पनि यो विषय हेडलाइन बनिरहने र पहिलो पृष्ठमा पनि स्थान पाउने कुरामा शङ्का छैन। यो सानो प्रयासले पनि दैनिक पत्रिकामा गरिबीको समाचार प्रस्तुत हुने प्रवृत्ति र स्थितिमा ठूलो परिवर्तन ल्याउने हैसियत राख्छ। फलस्वरूप ठोस र केन्द्रित बहस निर्माण गर्न पनि सहयोग गर्छ । यसले अहिलेजस्तो विभिन्न विषयसँग जोडिएर आउने गरिबीलाई न्यूजस्टोरीको प्रमुख विषयवस्तु बनाउन पनि टेवा दिन्छ ।

पाक्षिकहरूलाई समाचार र लेख तयार गर्न तुलनात्मक रूपमा बढी समय हुन्छ । त्यसैले केन्द्रित र मिहिन विषयवस्तुको खोजपूर्ण सामग्री उत्पादन गर्ने सम्भावना पाक्षिकमा रहिरहन्छ। यही कारण पाक्षिकले नयाँ क्षेत्रहरूको उजागर गर्दै आफ्नो समयको गतिलो प्रयोग गर्नु जरुरी छ । *नेपाल*जस्तो पत्रिकामा

विषयवस्तुको पक्षबाट फितलो र सम्पादन दृष्टिकोणले कमजोर लेखहरूको लागि कुनै बहाना र ठाउँ हुनुहुँदैन ।

वामपन्थी बुद्धिजीवी र प्रगतिशील समाजको पक्षधर रहेका *जनएकता* र *मूल्याङ्कन* गरिबीको सामग्री उत्पादन गर्नमा अरू पत्रिकाभन्दा पनि नराम्रोसँग चुकेका छन् । *जनएकता*को स्थिति अझ नाजुक छ । आफूलाई गरिब, निमुखाको पक्षधर भन्न रुचाउनेहरूले अलि फराकिलो भएर सोच्नु जरुरी छ । समाजमा भइरहेका सानातिना परिवर्तनहरू पहिचान गर्दै त्यसमा इन्धन थप्नु आवश्यक छ । विपन्न वर्गमा रहेको कष्ट, हण्डर र सङ्घर्षका कथा साथै धेरै सङ्गठित र असङ्गठित प्रयासबारे *जनएकता* मौनप्रायः छ । निमुखा र गरिबहरूबारेका गतिविधिहरूलाई पत्रिकामा ठाउँ नै नदिई पार्टीका कार्यक्रम र दस्तावेजहरूमा मात्र गरिबहरूको वकालत गर्नुले खासै अर्थ राख्दैन ।

अर्कोतर्फ नेपाली समाजको बहुलवादी अस्तित्व स्वीकार गर्ने *मूल्याङ्कन*मा पनि विषयवस्तु राजनीतितर्फ केन्द्रिकृत छ । विषयवस्तुको प्रस्तुतिमा विविधता नहुँदा सामाजिक-राजनीतिक सवालहरूलाई समेटेर गरिब र निमुखाको पक्षमा पैरवी गर्दै अघि बढ्ने *मूल्याङ्कन*को प्रयासले गति लिन नसकेको देखिन्छ । *मूल्याङ्कन*ले आफ्नो उद्देश्य परिपूर्ति गर्न अनेकौं कोणबाट गरिबीको विषय-वस्तुलाई समेटेर धेरै नै सामग्री उत्पादन गर्न सक्थ्यो, तर त्यो भएको छैन । गरिब र विपन्न वर्ग, यसभित्रका विभिन्न समूह र वर्तमान राजनीतिक व्यवस्था तथा प्रजातन्त्रसँगको यी विभिन्न जातिको अन्तरसम्बन्धलाई समेटेर धेरै नै लेख्न सकिन्छ । तर यसरी केही पनि लेखिएको छैन । त्यसैले पनि यो पत्रिका कति प्रगतिशील छ भन्ने प्रश्न अझ प्रखर भएको छ । जुन राजनीतिक उद्देश्य लिएर *मूल्याङ्कन* हिंडिरहेको छ त्यसले अहिलेसम्म पनि सामाजिक-राजनीतिक पक्षबाट विपन्न र विशेषगरी जातीय सवालमा व्यवस्थित रूपमा थोरै प्रयास गरेको छ भन्ने देखिन्छ ।

गरिबीको बहस प्रभावहीन र दिशाविहीन छ भन्ने तथ्य अहिलेसम्मको विश्लेषणले स्पष्टचाएको छ । दातृ समूहको रिपोर्ट र योजना आयोगको नीति-नियममा केन्द्रिकृत रहेको गरिबीको विषयवस्तुले देशको विभिन्न भागमा के भइरहेको छ भन्ने कुराको राम्रो जानकारी दिंदैन । यी क्षेत्रहरूमा जनजीवन कस्तो छ, कसरी दिनप्रति दिन उनीहरूको जीवन खस्कँदो छ, छोटो र लामो नीति निर्माणमा यी जनजीवनको कस्तो प्रभाव रहन्छ वा गरिबी र सम्पूर्ण विकासको सन्दर्भमा सबै पक्षबाट खस्कँदो जीवनको आर्थिक-सामाजिक प्रभाव कस्तो रहन्छ ? आदि सवालहरूका जवाफ मिडियामा पाइन्नन् । यी सबै प्रश्नहरूको उत्तर मिडियाले दिनुपर्छ वा यी सवालहरूको एउटै मात्र उत्तर हुन्छ भन्ने होइन । तर विभिन्न कोणबाट यस्ता विषयलाई छुनेगरी सामग्रीहरू अवश्य तयार गर्न सकिन्छ । यी सवालहरू र सामाजिक वस्तुस्थितिमा सुधार ल्याउन गरिएका प्रयासहरू, यस्ता प्रयासहरूमा तल्लीन रहेका संस्थाका संरचना र स्वामित्वहरू

(सरकारी, गैरसरकारी, सामुदायिक आदि) र तिनीहरूको प्रभाव- कारिताबारे पनि धेरै कुरा लेख्न सकिन्छ । यस्ता विषयवस्तुहरू उन्नत बनेर मिडियामा आएका छैनन् ।

गरिबीको अनेक विषयसँग अन्तरसम्बन्ध भएकाले विषयगत क्षितिजलाई व्यापक बनाउन संवाददाताहरूलाई तालिमको पनि आवश्यकता देखिन्छ । यसले उनीहरूको गरिबीबारेको बुझाइलाई फराकिलो बनाउँछ । मिडियामा यस विषयको प्राचुर्य बढाउने हो भने गरिबीको क्षेत्रमा कार्यरत संस्थाहरूले यतातर्फ सोच्नु आवश्यक हुन्छ । साथै, गरिबी हटाउन विभिन्न अध्ययन/ अनुसन्धान गरिरहेका सङ्घ-संस्थाहरूले आफ्ना प्रतिवेदन र कार्यक्रमहरू राम्रैसँग सार्वजनिक गर्दै आम रूपमा विषयवस्तुलाई स्तरीय र व्यापक बनाउन आफ्नो ठाउँबाट आवश्यक भूमिका खेल्नु जरुरी छ । गरिबी निवारणमा कार्यरत संस्थाहरूले मिडियामा प्रकाशित विषयवस्तुमा टिप्पणी गर्दै त्यसको गुणस्तर वा अन्य पक्षलाई सहयोग पुऱ्याएका उदाहरण पनि विरलै भेटिन्छन् । उनीहरू सजग र सक्रिय उपभोक्ता बनेर आएका छैनन् । जबसम्म मिडियामा आएको विषयवस्तुप्रति सचेत उपभोक्ता हुँदैनन् तबसम्म मिडिया सक्रिय हुनुपर्छ भन्ने मागको पनि तुक हुँदैन ।

विभिन्न अल्पसङ्ख्यक समूहमध्ये महिला र मुक्त कमैयाका विषयवस्तुले छापामा बढी स्थान पाउने गरेका छन् । तर जनजातिको विषयवस्तु अझ पनि ठूलो चासोको सामग्री बन्न सकेको छैन । अनि मधेसीको त लगभग शून्य छ उपस्थिति । नेपालका विभिन्न पहाडी क्षेत्रमा उच्च जातका समूहहरू पनि अधिकारविहीन छन् । तिनीहरूबारे पनि अनेकौं पक्षबाट मिडियामा खासै लेखिएको छैन । २०५८ सालदेखि नै दलित तथा जनजातिको समाचारले न्यून स्थान पाएका छन् भन्ने अनुसन्धानका निष्कर्षहरू सार्वजनिक भएका हुन् । तर मिडियामा आफ्नो पहुँच र प्रभाव बढाउन जनजाति विकास समिति, धेरै किसिमबाट सक्रिय रहेको जनजाति महासङ्घ वा जनजाति पत्रकार सङ्घबाट उल्लेख्य प्रयास भएको छैन । महिला-केन्द्रित फिचरसेवाहरूका कारण पनि मिडियामा महिलाहरूका विषयवस्तुको स्थान बढ्दै गएको छ भनिन्छ । जनजाति 'एक्टिभिस्ट'हरूले यसबाट पाठ सिक्न सक्छन् । अन्यथा मूलधारका मिडियाले जनजातिका विषयवस्तुलाई गौण स्थान दिए भन्नुको मात्र कुनै अर्थ रहँदैन । दलितको सवालमा पनि यही तर्क लागू हुन्छ । फरक यत्ति हो, २०५९ असारदेखि दलित सरोकारका मुद्दाहरू उठाउँदै आएको जागरण मिडिया सेण्टरले 'जागरण लेखमाला' नामको द्वैमासिक फिचर सेवाको प्रकाशन प्रारम्भ गरेको छ ।

यसरी देशमा ठूलै समूहहरू र सयौंको सङ्ख्यामा सङ्घ-संस्था भएका दलित, जनजातिको समाचारले न्यून स्थान ओगटेको अवस्थामा अन्य कामदार, मजदुर, गरिब परिवारहरू आदिका विषयवस्तु सङ्ख्यात्मक रूपमा नै नगण्य हुनु आश्चर्य होइन । तर क्रमिक रूपमा यस्ता समूहको समाचारले पाउने स्थानमा वृद्धि हुँदै

जानु आवश्यक हुन्छ । आवाजहीन वा पहुँच नभएकाहरूले मिडियामा आफूलाई उपस्थित गराउन कुनै समूह वा सङ्गठन निर्माण गरेर नै पैरवी गर्नुपर्ने वा अन्य प्रकारले आफ्नो प्रभावकारिता देखाउनु पर्ने स्थिति भनेको सो समूहको लागि मात्र नभएर मिडियाको निमित्त पनि यो दुर्भाग्य नै हो ।

विभिन्न सवालहरूलाई सही गति दिन प्रकाशन गृहहरूले पनि ठोस रूपमा सक्रिय भएर समाजका विभिन्न कमी-कमजोरीलाई औंल्याउनु आवश्यक छ । विभिन्न व्यक्ति र समूहले गुणस्तरीय सामग्री उत्पादन गरेर मिडियालाई दिनु, पाठक वा विश्लेषकको भूमिकामा मिडियाको उपभोक्ता हुनु एउटा पक्ष हो । तर जबसम्म प्रकाशन गृहहरू आनाकानी गरिरहन्छन् र उन्नत समाजको निम्ति विभिन्न सवाललाई लिएर कुनै सार्वजनिक प्रतिबद्धता जाहेर गर्दैनन् तबसम्म बाहिरी समूहले खेल्ने भूमिकाको प्रभाव न्यून नै रहन्छ । त्यसैले सरकार, राजनीतिक पार्टी, अदालत वा अन्य कुनै पनि संस्था वा समूहलाई आफ्नो सम्पादकीयमार्फत सुझाव दिने मिडियाले आफू पनि सार्वजनिक प्रतिबद्धतासहित सक्रिय भएर अघि आउनु जरुरी भएको छ ।

यसरी प्रतिबद्ध भएर आए मिडियाले गर्न सक्ने धेरै काम छन् । साउथ एसियन पर्सपेक्टिभ्स नेटवर्क एशोसिएशन र एसियन मिडिया इन्फर्मेसन एण्ड कम्युनिकेसन सेण्टरले सन् २००२ को अन्तमा कोलम्बोमा 'एसियामा गरिबी: मिडियाको चुनौती र प्रतिक्रिया' विषयक तीन दिने गोष्ठी गरेको थियो । मिडियाको प्रभुत्व व्यापक भएकोले यसले प्रभावशाली रूपमा गरिबीको सवालमा ज्ञान बढाउन साथै समाजमा पुलको काम गर्न सक्छ भन्ने यो गोष्ठीको महत्वपूर्ण निष्कर्ष थियो । नेपालको परिप्रेक्ष्यमा पनि गरिबीको विषयलाई सहज र सबैले बुझ्ने तहमा पुऱ्याउन मिडियाले यो भूमिका खेल्नु पर्ने भएको छ । यीबाहेक पनि अन्य केही निष्कर्ष छन् जुन नेपाली सन्दर्भमा उत्तिकै सान्दर्भिक छन्:

- मिडियाका तालिम केन्द्रहरूले आवश्यकताअनुसार आफ्नो पाठ्यसामग्रीमा परिवर्तन गर्दै जानु पर्छ । पाठ्यसामग्रीमा गरिने परिवर्तनले (क) सामाजिक परिचालन र सहभागितामूलक विकास, (ख) आलोचनात्मक जागरणमा वृद्धि र (ग) लामो उत्खनन (धेरै समय 'फिल्ड'मा आधारित हुने) जस्ता कार्यलाई समावेश गर्न सक्नुपर्छ ।
- विज्ञापनको रणनीतिमा पनि सामाजिक बजारशास्त्रका अवधारणाहरू भित्र्याउन जरुरी छ । यसको लागि गैरसरकारी, अन्य सामाजिक क्षेत्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाजका प्रतिनिधिहरूको सहकार्यमा विज्ञापन बजार विस्तार गर्नु उचित हुन्छ ।
- गरिबी निवारणलाई विस्तार गर्न मिडियाले आफ्ना कार्यहरूलाई पुनर्मूल्याङ्कन गर्दै आफ्नो भूमिकालाई व्यापक बनाउन सक्नु पर्छ । गरिब, गरिबी-विरुद्धका पैरवीकर्ता, नीति-निर्माता र मिडियाबीचको निरन्त छलफल र गोष्ठीबाट यो कार्य गर्न सकिन्छ ।

- मिडियाले विषयवस्तुलाई जहिले पनि 'सार्वजनिक र प्रबर्द्धन' गर्ने प्रयास गर्नु पर्छ अनि नागरिक समाजले 'विरोध र प्रस्ताव' गर्ने क्षमताको विकास । त्यसैले गरिबीको विषयमा मिडियाको प्रयास र नागरिक समाजको क्षमताबीच तालमेल र निखार आएमा राम्रो हुन्छ ।
- मिडिया र नागरिक समाजले स्थानीय र अन्तर्राष्ट्रिय सहकार्य गर्दै गरिबी निवारणको विषयलाई उत्थान गर्न सक्छन् । (एमिक सन् २००२)

समग्रमा यी सबै प्रवृत्ति र प्रतिबद्धताका कुराहरू हुन् । नेपाली समाजमा अहिले पनि छापाको प्रभुत्व र प्रभाव व्यापक छ। सामाजिक विकास र जीवनमा मिडियाको दबदबा रहिरहने हुँदा यसले गरिबीको विषयलाई विस्तार गर्न र गरिबी निवारणमा खेल्न सक्ने भूमिका महत्वपूर्ण छ। यदि मिडियाले दायित्व बुझेर प्रबुद्ध रहे आवश्यक असर पार्न अवश्य सक्छ ।

## धन्यवाद

अध्ययनको प्रारम्भिक चरणमा सामग्री सङ्कलनमा सहयोग गर्नुहुने देवराज हुमागाईं र प्रभाकर गौतमलाई धन्यवाद दिन चाहन्छु। लेखको मस्यौदा तयार भएपछि थुप्रै मित्रहरूको सुझाव र टिप्पणी प्राप्त भयो । यस क्रममा प्रत्यूष वन्तको रचनात्मक टिप्पणीले विशेष महत्व राख्छ । जगन्नाथ अधिकारी, पूर्ण बस्नेत, शेखर पराजुली, कोमल भट्ट, देवराज हुमागाईं र कृष्ण अधिकारीबाट प्राप्त सुझावले यो लेखलाई पठनीय बनाएको छ । उहाँहरूप्रति म आभारी छु । साथै मार्टिन चौतारीमा यस विषयमा छलफल हुँदा त्यहाँ उपस्थित साथीहरूको विचारले यो लेखलाई धेरै सघाएको छ । विशेषगरी मैले चाहेअनुसार यो अध्ययनलाई सम्पन्न गर्ने तत्परता र आर्थिक सहयोग जुटाइदिने नेपाल दक्षिण एसिया केन्द्र (नेसाक) र अनिल भट्टराईलाई धन्यवाद छ । लेखमा आएका विचार र कमी-कमजोरी मेरा आफ्नै हुन् र यसप्रति म नै जिम्मेवार रहनेछु ।

## सन्दर्भ सामग्री

अधिकारी, कृष्ण. २०६०. नेपालमा फिचर सेवाको अभ्यास. *मिडिया उत्पादन र अन्तर्वस्तु.* रमेश पराजुली र प्रत्यूष वन्त, सं. काठमाडौं: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

कान्तिपुर. २०५८. गरिबी तीस प्रतिशतमा झारिने दशौं योजनाको लक्ष्यः गरिबीको रेखामुनिको जनसङ्ख्या चार प्रतिशत कम. २६ भदौ, पृ. ९.

कान्तिपुर. २०५९क. लघुवित्तलाई गरिबी निवारणको माध्यम बनाइने. ७ वैशाख, पृ. ९.

कान्तिपुर. २०५९ख. गरिबी निवारणको लक्ष्य पूरा गर्नेतर्फ विकसित मुलुक सही बाटोमा छैनन्: विश्व ब्याङ्क, धनी तथा गरिब मुलुकसँग तत्काल काम गर्न आग्रह. ८ वैशाख, पृ. ९.

खत्री, ध्रुव. २०५९. विपन्न वर्गको उत्थानबाटै सामाजिक न्याय. *गोरखापत्र,* २ जेठ, पृ. ४.

खनाल, श्रीभक्त. २०५८. सङ्कटग्रस्त क्षेत्रमा सङ्कटकाल. *हिमाल* २(७): २६-३१.
गुरुङ, ओम. २०५८. 'सुनको थाल'मा बसेर विकासको भीख माग्न बाध्य हुम्लीहरू. *विकास* १०(२०): ५०-५५.
गुरुङ, हस्त. २०५८. अन्तिम घना वनको अन्त्येष्टि. *हिमाल* ११(१२): १०-१२.
गोरखापत्र. २०५८क. गरिबी नघट्नु र सुशासनको अभाव नेपालको विकासका जुम्ल्याहा समस्या. माघ १८, पृ. १.
गोरखापत्र. २०५८ख. गरिबी निवारणका कार्यक्रमलाई प्राथमिकताका साथ लागू गरिने. २ चैत्र, पृ. ८.
गोरखापत्र. २०५८ग. हत्या-हिंसाले गरिबी पो बढायो त. २८ चैत्र, पृ. १.
गोरखापत्र. २०५९क. गरिबी निवारणका लागि रोजगारी सिर्जना र उच्च उत्पादकत्वमा जोड. ३ वैशाख, पृ. १०.
गोरखापत्र. २०५९ख. परिवार पाल्नुभन्दा आश्रयकै चिन्ता. १ जेठ, पृ. १.
गोरखापत्र. २०५९ग. गरिबहरूको जीवनस्तरमा आउने सुधारले एसिया तथा प्रशान्त क्षेत्रकै मुहार परिवर्तन गर्ने. ३ जेठ, पृ. १.
घिमिरे, केपी. २०५९. दाङका मुक्त कमैया पानी किनेर खान बाध्य. *कान्तिपुर,* ३० वैशाख, पृ. ८.
घिमिरे, विजय. २०५८. सार्कले आर्थिक सम्बन्ध विस्तारमा आशा जगायो. *कान्तिपुर,* २३ पुस, पृ. १.
चन्द्रकिशोर. २०५८. नेपाली पत्रकारितामा मधेसी पत्रकार. *खबर,* साउन-भदौ, पृ. ४-६.
चालिसे, विजय. २०५८. कहिले नसकिने हाम्रो गरिबीको कथा. *गोरखापत्र,* २१ चैत, पृ. ७.
जनएकता. २०५८. काठमाडौंका ढुङ्गा व्यवसायीहरू विस्थापित हुँदैछन्. १९ चैत्र, पृ. ७.
ज्वाला, प्रकाश. २०५८. गाउँः बसिसक्नु छैन. *हिमाल* ११(२४): ३४-३५.
डाँगी, काशिराम. २०५८क. निरीक्षण र जागरणको अढाई लाख हिनामिना. *कान्तिपुर,* १ भदौ, पृ. १३.
डाँगी, काशिराम. २०५८ख. खोसिएको दसैं. *नेपाल* २(६): ४१.
ढुङ्गाना, दमननाथ. २०५८. विपन्न जनताको साथ नभए प्रजातन्त्र खतरामा पर्छ. *विकास* १०(२०): ४०-४३.
तिम्सिना, यशोदा. २०५८. हुँदा खानेको दसैं. *नेपाल* २(६): ३४-३५.
थापा, चित्राङ्ग. २०५८. मुक्त कमैयाको खाने-लाउने समस्या अझै उस्तै. *कान्तिपुर,* १२ भदौ, पृ. ८.
थापा, मञ्जु. २०५७. *सञ्चारमा नियाल्दा महिला.* काठमाडौंः अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था.
थापा, मञ्जु. २०५९. अरू पनि लेखिनुपर्छ काँडेघारीको यात्रा. *कान्तिपुर,* ६ माघ, पृ. ७.
दीक्षित, कनकमणि. २०५९. रोल्पाः प्रत्यक्षदर्शन जनता, प्रत्यक्षदर्शन माओवादी. *हिमाल* १२(५): ३४-३५.
निरौला, श्यामप्रसाद. २०५८. पहिला यो बयान पढौं. *नेपाल* २(७): २२-२३.
नेपाल. २०५८. नेपाली समाज कता जाँदैछ ? २(६): ४२-४६.
पन्त, विजन. २०५८. योजना आयोगको औचित्य. *कान्तिपुर,* ३१ भदौ, पृ. ६.

पराजुली, शेखर. २०५८. पत्रपत्रिकामा जनजातिः विवरणात्मक समीक्षा. *नेपाली मिडियामा दलित तथा जनजाति.* प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. ९१-१११. काठमाडौंः एकता बुक्स.

पराजुली, शेखर र भास्कर गौतम. २०५८. प्रिन्ट मिडियामा जनजाति सहभागिता. *विकास* ११(२१): ४२-४३.

पोखरेल, बद्री. २०५८. दक्षिण एसियाली देशका गरिबीका रूपहरू. *कान्तिपुर,* २२ पुस, पृ. ९.

पौडेल, रमेशकुमार. २०५८. बादरभुलाको पीडा र आक्रोशः सुकुमबासीहरूलाई यस्तो विपत्ति आएको छ, सहारामा काम गरिदिने कोही छैन. *जनएकता,* १९ चैत, पृ. ५.

फुयाँल, सुरेन्द्र. २०५८. माघीसम्ममा जग्गाको आशा. *नेपाल* २(६): ३३.

बस्नेत, पूर्ण. २०६०. वैकल्पिक पत्रिकाः व्यवसायिकता र आत्मनिर्भरताको चुनौती. *मिडिया उत्पादन र अन्तर्वस्तु.* रमेश पराजुली र प्रत्यूष वन्त, सं. काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

बोहरा, रामेश्वर. २०५८. डेढ वर्षपछि पनि कमैयाको समस्या उस्तै. *देशान्तर,* २९ पुस, पृ. ४.

भट्ट, कोमल. २०६०. खोज सामग्री उत्पादनः खोज पत्रकारिता केन्द्रको प्रयास. *मिडिया उत्पादन र अन्तर्वस्तु.* रमेश पराजुली र प्रत्यूष वन्त, सं. काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

भट्टराई, केदार र रमेश पौडेल. २०५८. दशौं योजना र गरिबी निवारणनिम्ति सहयोग गर्न दातृ समुदाय सहमत. *गोरखापत्र,* २५ माघ, पृ. १.

भट्टराई, देवेन्द्र र रमा पराजुली. २०५८. एघारौं सार्क सम्मेलन सम्पन्नः छपन्नबुँदे काठमाडौं घोषणापत्र जारी. *कान्तिपुर,* २३ पुस, पृ. १, १२.

भट्टराई, शिवकुमार. २०५८. दशौं पञ्च वर्षीय योजना र गरिबी निवारण. *गोरखापत्र,* ११ मङ्सिर, पृ. ७.

भण्डारी, लेखनाथ. २०५७. कमैया मुक्तिको घोषणाः जस सबैले लिए, अपजस कसले लिने. *विकास* ९(१८): १५-१९.

महर्जन, वसन्त. २०५९. पर्यटन भरियाः कठिन जिन्दगी. *विकास* १०(२२): २८-३०.

मिश्र, चैतन्य. २०५५क. नेपालीहरू किन र कसरी गरिब भइरहेका छन्. *विकास* ७ (१२): २६-३७.

मिश्र, चैतन्य. २०५५ख. गरिबीः सामुदायिक र राजनीतिक सङ्गठनहरूको दायित्व के हुन पर्छ. *विकास* ७(१३): ९५-१०६.

मैनाली, मोहन. २०५९. सेती-कर्णालीका पहाडबासीलाई अनिकालबाट बचाउँ ! *हिमाल* १२(१५): १८-२०.

मैनाली, मोहन र शिव गाउँले. २०५८. भूमिसुधार अपत्यारिलो आँट. *हिमाल* ११(१०): ३०-३४.

मैनाली, मोहन साथमा भूपराज खड्का. २०५९. मृत्युभन्दा कठोर सजाय. *हिमाल* १२(७): २६-३५.

यात्रु, कुमार. सन् २०००. छापामा अल्पसङ्ख्यक समुदायको मुद्दा. काठमाडौंः नेपाल साउथ एसिया सेण्टर.

राठौर, हरिहरसिंह. २०५९. दैलेख कारागारको अवस्था. *नेपाल* २(१९): १०.

रिजाल, सुदर्शन. २०५८क. छानबिन समितिले घोटालाको पुष्टि गरेपछि कारबाहीको प्रक्रिया शुरु. *कान्तिपुर,* २ भदौ, पृ. ८.

रिजाल, सुदर्शन. २०५८ख. अनियमितता भएको पुष्टि भएपछि छानबिन समिति गठन. *कान्तिपुर,* ११ भदौ, पृ. १३.

लामा, सङ्गीता. २०५९. सङ्कटकालको पत्रकारिता (अप्रकाशित प्रतिवेदन). खोज पत्रकारिता केन्द्र.

लामिछाने, रघुनाथ. २०५९. सम्पत्तिको मालिक बने कमैया. *नेपाल* २(१९): २८-२९.

लाल, सीके. २०५८. राजनीतिक भूमिसुधारका सामाजिक जटिलता. *हिमाल* ११(१०): ३५-३७.

वन्त, प्रत्यूष. २०५३. देउरालीको १०० औं अङ्क. *हिमाल* ६(१): २५-२६.

वन्त, प्रत्यूष, शोभा गौतम र अमृता बाँस्कोटा, सं. २०५६. *छापामा महिला.* काठमाडौं: नेपाल प्रेस इन्स्टिच्यूट.

वन्त, प्रत्यूष, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र सङ्ग्रौला र सीके लाल, सं. २०५८क. *छापामा दलित.* काठमाडौं: एकता बुक्स.

वन्त, प्रत्यूष, कुमार यात्रु र भास्कर गौतम, सं. २०५८ख. *छापामा जनजाति.* काठमाडौं: एकता बुक्स.

वन्त, प्रत्यूष, रमेश पराजुली र रमा पराजुली, सं. २०५९. *मिडियाको अन्तर्वस्तु: विविध विश्लेषण.* काठमाडौं: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

वन्त, प्रत्यूष र शेखर पराजुली, सं. २०५८. *नेपाली मिडियामा दलित तथा जनजाति.* काठमाडौं: एकता बुक्स.

वर्तमान, गोविन्द. २०५८. एउटा पुस्तक: बाहुन क्षेत्रीहरूको शिक्षक. *विकास* ११(२१): ४४-४६.

वाग्ले, त्रिभुवनचन्द्र. २०५८क. जातीयभन्दा आर्थिक विभाजनले मानिस निरीह छ. *गोरखापत्र,* २८ मङ्सिर, पृ. ७.

वाग्ले, त्रिभुवनचन्द्र. २०५८ख. समतामूलक जातीय विकास: अल्पसङ्ख्यकका लागि कसले बोलिदिने. *गोरखापत्र,* ७ माघ, पृ. ९.

वाग्ले, त्रिभुवनचन्द्र. २०५८ग. जनजातिको छात्रवृत्ति: लोपोन्मुखको पहुँच छैन. *गोरखापत्र,* २८ माघ, पृ. ९.

वाग्ले, दिनेश. २०५८क. पुल तर्न नपाउँदाको पीडा. *नेपाल* २(७): १६-१८.

वाग्ले, दिनेश. २०५८ख. पतिहरू घट्दैछन्. *नेपाल* २(७): २१-२२.

वाग्ले, नारायण र विजयप्रसाद मिश्र. २०५८. हदबन्दीबाहिर अति कम जग्गा: भूमिहीन दलित प्रस्तावित विधेयकबाट निरास. *कान्तिपुर,* १७ भदौ, पृ. १.

विशङ्के, अञ्जना. २०५८. अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस एक चर्चा. *जनएकता,* २७ फागुन, पृ. ५.

श्रेष्ठ, मुक्ता. २०५८. यसरी बाँचिरहेको छ एक क्रान्तिकारी नेताको परिवार. *मूल्याङ्कन* २०(९४): ३२-३३.

श्रेष्ठ, मुक्ता. २०५९. काठमाडौंको किसान आन्दोलन. *मूल्याङ्कन,* २०(९८): ३०-३३.

श्रेष्ठ, श्याम. २०५८. के यो नोक्सान र खर्च देशले धान्न सक्छ? *मूल्याङ्कन* २०(९४): ८-९.

सिम्खडा, ध्रुव. २०५८. कसरी पाउँछन् भूमिहीनले जग्गा ? *नेपाल* २(४): १४-१५.
सुवेदी, अनुप. २०५७. बन्धन टुटचो तर नयाँ संसार मिलेन. *विकास* ९(१८): ६-९.
सुवेदी, प्रतीभा. २०५८. नेपालमा गरिबी विकासको क्रम र गरिबी निवारण. *कान्तिपुर,* ७ फागुन, पृ. ७.
सुवेदी, सुरेन्द्र. २०५९. बनाउँदै भत्काउँदै. *नेपाल* २(२०): १३.
सैंजु, मोहनमान. २०५८. गरिबी निवारण. *नेपाल* २(१०): २७-२८.
ह्वाइट, टिम. २०५७. जग्गा उपलब्ध नगराएसम्म कमैयाहरूले वास्तविक मुक्ति पाउँदैनन्. *विकास* ९(१८): १०-११.
Bhattarai, Binod. 2003. Covering the Crisis: A Content Analysis of Six Nepali Broadsheet Newspapers During State of Emegency in Nepal. Draft report, Center for Investigative Journalism.
Bista, Jeevan Kumar. 2001. Content and Readers' Response Analysis of Development News of Major Daily Newspapers of Nepal. MA Thesis, Sociology/Anthropology, Patan Multiple Campus, Tribhuvan University.
AMIC. 2002. Seminar on Poverty in Asia: Media Challenges and Responses. *Asian Media and Communication Bulletin* 32(6): 2–3.
Kafle, Chiranjibi. 2003. *Nepali Press During State of Emergency*. Kathmandu: Federation of Nepalese Journalists.
Koirala, Bharat Dutta. 2033 v.s. Development Journalism: Its Scope in Nepal. In *Nepalma Patrakarita Smarika 2033*. Indukanta Sharma et al., eds., pp. 40-43. Kathmandu: Nepal Patrakar Sangh.
Koirala, Bharat Dutta et al. 2000. Portrayal of Children in Newspapers and Television in Nepal. Unpublished report, Media Services International.
MSI. 1998. Print Media Coverage Survey: Children and Women Issues. Unpublished report, MSI.
Panday, Devendra Raj. 2000. *Nepal's Failed Development: Reflections on the Mission and the Maladies*. Kathmandu: Nepal South Asia Centre.
Rahnema, Majid. 1999. Poverty. In *The Development Dictionary*. Wolfgang Sachs, ed., pp. 158-176. Johannesburg: Witwatersrand University Press.
Rana, Madhukar SJB. 2002. Media and the Poor: The Poor are Marginalized in Media Coverage. *The Himalayan Times,* 23 December, p. 4.